# मध्यस्थता

Madhyasthata Weekly साप्ताहिक




'अरुले सन्तान गुमाउनु नपरोस् भनेर संस्था स्थापना गरेँ'

सिआन पुनर्स्थापना गृहका अगुवा सौजन डिसीसँग गरिएको कुराकानी

पृष्ठ ३ मा...

वर्षः २७ अङ्कः १९ २०८२ मंसिर २१ गते आइतबार (7th December, Sunday 2025) पृष्ठः ८ मूल्य रू. २०/- वेभसाईट: www.madhyasthata.com

# अन्ततः सडक विस्तार सुरु

मध्यस्थता



अन्ततः हेटौँडामा सडक विस्तार कार्य थालनी भएको छ। शनिबार एकै दिन सडकमा निर्माण भएका पाँच सयभन्दा बढी घरटहरा भत्काउँदै सडक विस्तार कार्य सुरू भएको हो। हेटौँडा क्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ आसपास निर्माण भएका पक्की तथा कच्ची संरचना सडक फराकिलो बनाउन डोजर लगाएर भत्काइएको हो। डिभिजन सडक कार्यालय हेटौंडा र मकवानपुर जिल्ला प्रशासन कार्यालयको समन्वयमा करिब पाँच सय सुरक्षाकर्मी परिचालन गरी बल प्रयोग गर्दै ५३१ वटा घरटहरा भत्काइएका छन्।

बिहान झिसमिसेमै डोजर र सुरक्षाकर्मी घरटहरा भत्काउन पुगेपछि हेटौंडा बजार क्षेत्र तनाव ग्रस्त बनेको थियो। बालबालिका, वृद्धवृद्धा र परिवारका सदस्यहरू घर मै सुतिरहेको अवस्थामा उठाइएपछि उनीहरूलाई सामान निकाल्नसमेत पर्याप्त समय नदिई घर भत्काइएको पीडितहरूको गुनासो छ। करिब पाँच दशकदेखि लालपूर्जा भएका घर टहरा भत्काउने विषयलाई लिएर सडक डिभिजन कार्यालय र स्थानीय घरधनीबीच विवाद चल्दै आएको भए पनि यसअघि यस्तो ठूलो मात्रामा एकै दिन संरचना भत्काइएको थिएन।

हेटौँडा बजार क्षेत्रमा सडक सीमा चौडा बनाउने कार्य सुरू भएसँगै सडकको केन्द्रबाट दायाँबायाँ २५ गजभित्र पर्ने घरटहरामा डोजर चलाइएको हो। हेटौँडा उपमहानगर पालिकाको रातोमाटे क्षेत्रदेखि मकवानपुर उद्योग वाणिज्य चोक, चौकिटोल हुँदै बुद्धचोकदेखि जिल्ला प्रहरी कार्यालयसम्मका संरचनामा डोजर लगाइएको थियो। पहिलो दिनमै ५३१ वटा घरटहरा तथा अन्य संरचना भत्काइएपछि बजार क्षेत्र अस्तव्यस्त बनेको छ। घरटहरा भत्काउने क्रममा विद्युत्, टेलिफोन र इन्टरनेट सेवा समेत अवरूद्ध हुँदा सर्वसाधारण थप समस्यामा परेका छन्।

डोजर चल्ने क्रममा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो। सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले शनिबार बिहानदेखि साङ्केतिक रूपमा सडक सीमाभित्र रहेका घर टहरालगायतका संरचना हटाउने काम सुरू गरिएको जानकारी दिए। उनले अहिले प्रारम्भिक चरणका रूपमा संरचना भत्काइएको र घर जग्गा धनीलाई आफ्ना घरटहराका सामान तथा घरायसी सामग्री आफैं हटाउन समय दिइने बताए। उनका अनुसार रातोमाटेदेखि मकवानपुर उद्योग वाणिज्य संघसम्म र बुद्धचोकदेखि राप्ती पुलतर्फ पहिलो दिन ५३१ वटा घरटहरा भत्काइएको हो।

सडक डिभिजन कार्यालय हेटौँडाले यसअघि मंसिर ५ गते १५ दिने सूचना जारी गर्दै रातोमाटेदेखि सामरी पुल र बुद्धचोकदेखि राप्ती पुलसम्म सडक सीमाभित्र पर्ने घर टहरालगायतका संरचना हटाउन घरजग्गा धनीलाई निर्देशन दिएको थियो। उक्त सूचनाको आधारमा भत्काउने कार्य अघि बढाइएको सडक डिभिजनको भनाइ छ।

सडक विस्तार कार्य शनिबार झिसमिसेमै थालनी भएपनि शुक्रबार नै सर्वोच्च अदालतले हेटौँडाको सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न उत्प्रेषण आदेश जारी गरेको थियो। पूर्व प्रतिनिधिसभा सदस्य समेत रहेकी हेटौँडाकी स्थायी बासिन्दा विन्दवासिनी कंसाकारले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले १९ मंसिरमा सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्न तथा राख्न लगाउन सडक डिभिजन कार्यालय हेटौँडाको नाममा आदेश दिएको थियो। अदालतको आदेशपछि पनि आफूहरूलाई आधिकारिक रूपमा सो बारेमा जानकारी नआएको भन्दै सडक डिभिजन सडक विस्तारमा अघि बढेको हो।

कंसाकारले अन्तिम आदेशको माग गर्दै गत १६ मंसिरमा सडक डिभिजन कार्यालय हेटौँडाविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरेकी थिइन्। सडक डिभिजनले गत ५ मंसिरमा सूचना प्रकाशित गर्दै महेन्द्र राजमार्गअन्तर्गत रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा केन्द्र रेखाबाट दायाँबायाँ २५-२५ गज अर्थात् करिब ७५-७५ फिट विस्तार गर्ने निर्णय सार्वजनिक गरेको थियो। सडक विस्तारका लागि सडक सीमाभित्र पर्ने स्थायी तथा अस्थायी प्रकृतिका घरटहरा र अन्य संरचना हटाउन १५ दिने अल्टिमेटम दिइएको सूचनालाई चुनौती दिँदै कंसाकार अदालत पुगेकी थिइन्।

अदालतको आदेशपछि प्रतिक्रिया दिँदै कंसाकारले सडक विस्तारसम्बन्धी सूचना आएपछि आफूले १६ मंसिरमै रिट दायर गरेको र त्यसमा कार्यान्वयन नगर्न आदेश आएपनि त्यसको अवज्ञा गर्ने काम भएको प्रतिकृया दिएकी छिन्। अदालतले जारी गरेको आदेशमा 'यस विषयमा के कस्तो अवस्था छ, निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो भन्ने आधार र कारण भए सोसमेत खुलाएर आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नम्बर १, ३, ४, ५ र ६ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् र प्रत्यर्थी नम्बर २ का हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्न निर्देशन दिइएको छ।

अदालतले अन्तरिम आदेश माग भएको सन्दर्भमा विचार गर्दा निवेदकहरूको बसोबास र सम्पत्ति हकसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय निवेदनमा उठाइएको भन्दै विषयवस्तुको प्रकृति गम्भीर रहेको उल्लेख गरेको छ। अदालतले अन्तरिम आदेश जारी हुने वा नहुने विषय दुवै पक्षलाई राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिएको जनाउँदै छलफलका लागि २६ मंसिरको पेशी तोकेको छ। आदेशमा छलफल भई अन्तरिम आदेश जारी हुने वा नहुने विषय टुंगो नलागेसम्म संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, सडक डिभिजन हेटौंडा र मकवानपुर प्रशासनको मिति २०८२ मंसिर ५ गतेको सूचनालाई कार्यान्वयन नगरी यथास्थितिमा राख्न तथा राख्न लगाउन स्पष्ट रूपमा भनिएको छ।

सडक डिभिजनले जारी गरेको अल्टिमेटम शुक्रबार नै सकिँदै थियो र डिभिजनले २० मंसिरदेखि सडक सीमाभित्र निर्मित घरटहरालगायतका संरचना हटाउने तयारी थालेको थियो। तर, सर्वोच्च अदालतको आदेश आएसँगै शनिबार काम तमाम पारेको सडक डिभिजनको कार्य अब के हुन्छ भन्ने चासोछ। अदालतको आदेशसँगै हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने

बाँकी पृष्ठ ७ मा...


## मानवअधिकारको सम्मान गरौं !

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्, मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं।
- मानवअधिकारप्रति सचेत रहौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


## मध्यस्थता मत

## जनताको नवीन आकांक्षा



बुद्धराज अर्याल

*नेपाली राजनीतिको हालको परिदृश्य हेर्दा एउटा गम्भीर प्रश्न उठिरहेको छ- देशको राजनीतिक दिशा कता जाँदैछ ? नयाँ पुस्ताले परिवर्तनको आशा बोकेको छ, तर दलहरूले पुरानै अनुहारहरूमै भर परिरहँदा जनतामा निराशा बढेको छ। नेपाली कम्युनिस्ट पार्टीजस्ता ठूला दलहरूमा अहिले वडास्तर देखि प्रदेश तहसम्म थुप्रै नेताहरू छन्। कोही वडा अध्यक्ष, कोही नगर प्रमुख, त कोही प्रदेश सभा सदस्य। यिनै नेताहरू अहिले फागुन २१ गते हुने प्रतिनिधि सभा चुनावको टिकट पाउन दौड्धुप गरिहेका छन्।*

*तर यो सन्दर्भमा एउटा गम्भीर प्रश्न उठ्छ -'पाएको जिम्मेवारी पुरा नगरी, अझ ठूलो पदको खोजी गर्नु जनताको विश्वास माथिको धोका होइन र ?' कुनै नगर प्रमुख वा वडा अध्यक्ष बनेर ठोस काम गर्नुपर्ने ठाउँमा छोडेर, प्रतिनिधि सभा पुग्ने सपना देख्नु, त्यो पनि जनता वा कार्यकर्ताको भावनालाई नबुझी, आत्मकेन्द्रित आकांक्षाको उपज हो।*

*जनताले दशकौंदेखि देख्दै आएका अनुहार फेरि-फेरि उम्मेदवार बन्ने क्रमले राजनीतिलाई दुरगामी असर पारिरहेको छ। ती नेताहरू जो पहिल्यै कुनै तहमा जिम्मेवारीमा छन् तर न त स्पष्ट उपलब्धि छ, न त उत्तरदायित्व, यिनैले फेरि नयाँ पदको लागि हात हाल्ने चलनले राजनीतिक नैतिकता माथि ठूलो प्रश्न उठाएको छ।*

*'हामीले अनुहार होइन, विचार र काम हेर्ने हो।' भन्ने जनमत अब बलियो हुँदै गएको छ। त्यसैले, राजनीतिमा अनुशासन, जवाफदेहिता, र नयाँ पुस्ताको प्रतिनिधित्व आवश्यक भइसकेको छ।*

*यदि नेतृत्व परिवर्तन भएन भने, जनता नेतृत्व परिवर्तन गर्न तयार छन्। यही चेतना नै आजको राजनीतिमा जनताको मुख्य आवाज हो। यसले गर्दा कार्यकर्ता तहमा असन्तोष बढेको छ। स्थानिय विकासमा भूमिका नदेखाएका नेताहरूले राष्ट्रिय तहमा पुगेर के गर्लान् भन्ने प्रश्न जनताले सोध्न थालेका छन्।*

*यो चुनाव जनताले 'नयाँ नेतृत्व' खोज्ने अवसरको रूपमा*

बाँकी पृष्ठ ७ मा...

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर २१ गते आइतबार
(7th Dec., Sunday 2025)

## सम्पादकीय

# एकताको अर्थ

*नेपालको कम्युनिस्ट आन्दोलनले विगतदेखि नै राजनीतिक जीवनमा गहिरो छाप छोड्दै आएको छ । वामपन्थी आन्दोलन केवल सत्ता जित्ने माध्यम वा चुनावी खेल मात्र होइन, यो समाज रूपान्तरण र समानताको अवधारणामा आधारित एउटा दीर्घकालीन यात्रा हो । विगतका वर्षहरूमा माले, मसाल, एमाले, माओवादी लगायतका वाम दलबीच हुने फुट र पुनःएकताको अनन्त चक्रले जनतामा आशा र निराशा दुवै सिर्जना गरेको छ । वि.सं. २००६ सालदेखि कम्युनिस्ट आन्दोलनको बीज रोपिएको भए पनि हरेक पुस्तामा विचार र स्वार्थको टकराबले यस आन्दोलनको मूल उद्देश्य कमजोर बनाइएको छ । भ्रष्टाचारको अन्त्य, सामाजिक समानता र सुशासनका लागि उठाइएको संघर्ष नेताहरूको व्यक्तिगत स्वार्थ र राजनीतिक संरचनामा फँसिएर अधुरो रह्यो । हालैको वामपन्थी एकताको प्रयास, जसमा माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका दलको सहमति समेटिएको छ, नेपालमा कम्युनिस्ट आन्दोलनलाई पुनः नयाँ उचाइमा पुर्‍याउने क्षमता राख्दछ । यो एकता केवल दल र नेताहरूको सत्तासँगै जोडिने औपचारिकता मात्र होइन, तर जेनजी आन्दोलनको भावना र युवा पुस्ताको आकांक्षा बुझेर कम्युनिस्ट आन्दोलनलाई संरक्षित गर्न सक्ने अवसर पनि हो ।*

*नेपालको राजनीतिक इतिहासले स्पष्ट देखाएको छ कि वामपन्थी आन्दोलनले जब जनता र जनभावनासँग जोडिन्छ, तब मात्र वास्तविक परिवर्तन सम्भव हुन्छ । विगतमा केपी शर्मा ओली नेतृत्वको सरकारले सत्ताको दुरुपयोग, संसद् विघटन, संवैधानिक विवाद र पार्टीभित्रको विवादास्पद निर्णयमार्फत जनताको विश्वासमा कमी ल्याएको थियो । यसले जेनजी आन्दोलन जस्ता चेतनालाई जन्म दिएको छ, जसमा युवा पुस्ता केवल नारामा होइन, परिणाम र जवाफदेहितामा केन्द्रित छ । उनीहरू पारदर्शिता, न्याय र अवसरको माग गर्दै सडकमा छन् । यदि वाम दलहरूले यो नयाँ पुस्ताको भावना बुझ्न नसके, भने आन्दोलन इतिहासकै अवसानतिर धकेलिने निश्चित छ । अन्तर्राष्ट्रिय स्तरमा सोभियत संघको पतनसँगै वाम आन्दोलन संकटमा परेको थियो, तर ल्याटिन अमेरिकामा पिंक टाइड र क्युबा, बोलिभिया, चिलीका जनकेन्द्रित वाम पुनरागमनले वाम विचारधारालाई पुनः जीवन्त बनायो । यही सन्दर्भले देखाउँछ कि वामपन्थी आन्दोलनले जनभावनासँग सधैं गहिरो सम्बन्ध राख्नुपर्छ, केवल सत्ता संरचनामा फस्नु हुँदैन ।*

*आजको वाम एकताले विगतका गल्तीबाट सिक्दै नयाँ सामाजिक र राजनीतिक दिशा दिन सक्ने सम्भावना बोकेको छ । यो केवल चुनावी तयारी वा दलको बल बढाउने प्रयास मात्र हुनु हुँदैन । यदि एकता समाज रूपान्तरण, भ्रष्टाचार विरुद्ध कडा कदम र प्रविधि तथा सीपमा आधारित सफलता खोज्ने दिशामा केन्द्रित रह्यो भने, यो नेपालमा नयाँ वाम युगको सुरुवात हुन सक्छ । वामपन्थी आन्दोलन केवल राजनीतिक अभियान होइन, यो समानता, न्याय र स्वतन्त्रताको दर्शन हो, र यही दर्शन व्यवहारमा उतार्ने क्षमता नै यसको भविष्य निर्धारण गर्नेछ । यदि वाम दलहरूले जेनजी आन्दोलनको मूल भावना आत्मसात् गरेर जनताको अपेक्षा पूरा गर्न सके, तब वास्तविक परिवर्तनको बाटो खुल्नेछ, नभए इतिहासको अर्को क्षणिक अध्यायजस्तै वाम एकता सीमित भएर हराउनेछ ।*

# जलवायु परिवर्तनको केन्द्रमा हिमालय

मध्यनजर



रविप्रसाद बराल

जलवायु परिवर्तन भन्नाले पृथ्वीको मौसम र तापक्रममा देखिने दीर्घकालीन परिवर्तन भन्ने बुझिन्छ । यसमा तापक्रमको वृद्धिमात्र होइन कतिपय क्षेत्रमा असामान्य चिसो, वर्षाको प्रवृत्तिमा परिवर्तन, खडेरी, बाढी, आँधीहुरी, हिमपहिरोजस्ता चरम मौसमीय घटना पनि समावेश हुन्छन् ।

संयुक्त राष्ट्रसंघको जलवायु सम्बन्धी निकायका अनुसार पछिल्ला करिब १५० वर्षमा पृथ्वीको औसत तपक्रम १.१ डिग्री सेल्सियसले बढिसकेको छ र यसको मुख्य कारण मानव गतिविधि नै हो । उद्योग, सवारी साधन, कारखाना, जंगल फँडानी तथा कोइला र पेट्रोलियम पदार्थको अत्यधिक प्रयोगबाट कार्बन डाइ अक्साइड, मिथेन,नाइट्रस अक्साइड, जलवाष्प र क्लोरोफ्लोरोकार्बन जस्ता हरितगृह ग्यास ठूलो मात्रामा वायुमण्डलमा निस्किरहेका छन् । यी ग्यासहरूले पृथ्वीबाट बाहिर निस्कनुपर्ने तापलाई वायुमण्डलमै थुन्छन् जसलाई वैज्ञानिक शब्दावलीमा हरितगृह प्रभाव भनिन्छ । यही प्रभाव तीव्र बन्दै जाँदा कतै अत्यधिक गर्मी, कतै असामान्य चिसो, भारी हिमपात र शीतलहरको प्रकोप देखिएको छ । यसको परिणाम स्वरूप पृथ्वीको तापक्रम बढ्नु, हिमनदी पग्लनु, अनियमित वर्षा, बाढी र खडेरी, जैविक विविधतामा खतरा, तथा मानव स्वास्थ्य र खाद्य सुरक्षामा गम्भीर असर देखिन थालेका छन् ।

विश्व मौसम संगठनका अनुसार पछिल्ला ५० वर्षमा बाढी, खडेरी र आँधीहुरीजस्ता विपद्का घटना पाँच गुणासम्म बढेका छन् । हिमाली देश नेपालमा असामान्य वर्षा, पहिरो, डढेलो र हिमपहिरोका घटना बढ्नु यसैको उदाहरण हो ।

बढ्दो प्राकृतिक विपद्, असन्तुलित मौसम र जीवनशैलीमा आएको परिवर्तन आजको सबैभन्दा गम्भीर विश्वव्यापी चुनौती बनेको छ ।

### *जलवायु परिवर्तनको केन्द्रमा हिमालय*

विश्वव्यापी जलवायु परिवर्तनको संकटले सबै क्षेत्रलाई असर पारेको छ तर तीमध्ये हिमालय सबैभन्दा संवेदनशीलमध्येमा एउटा हो । हिमालय विश्वकै अग्ला हिमाल हरूको शृङ्खलामात्र होइन । यो त दक्षिण एसियाका करिब २ अर्ब मानिसको जीवनसँग जोडिएको छ । हिमालयबाट उत्पन्न हुने कोसी, गण्डकी, कर्णाली, गंगा र ब्रह्मपुत्र जस्ता नदी प्रणालीले नेपाल, भारत, बंगलादेश लगायतका देशमा खानेपानी, कृषि, जलविद्युत् र उद्योगलाई आधार प्रदान गरिरहेका छन् । हिमालयलाई वैज्ञानिकहरूले 'एसियाको पानीको टावर' पनि भन्ने गरेका छन् ।

हिमालय क्षेत्र जैविक विविधताका दृष्टिले पनि अत्यन्त समृद्ध छ । नेपालजस्तो सानो देशमै २२ हजार भन्दा बढी वनस्पति र जनावरका प्रजाति पाइन्छन् जसको ठूलो हिस्सा हिमालयसँग सम्बन्धित छ । यिनै वन, वन्यजन्तु र जडीबुटीले स्थानीय समुदायको जीवनयापनमा ठूलो योगदान पुर्‍याइरहेका छन् । हिमालयसँग धार्मिक, सांस्कृतिक र ऐतिहासिक आस्था गाँसिएको छ । तीर्थयात्रा, पर्वतारोहण, ट्रेकिङ र पर्यटनले यहाँका हजारौं परिवारको रोजगारी चलेको छ ।

जलवायु परिवर्तनका कारण हिमालयको प्राकृतिक सन्तुलन तीव्ररूपमा बिग्रँदै गएको छ । अन्तर सरकारी जलवायु परिवर्तन प्यानलका अनुसार हिमालय क्षेत्र विश्वको औसतभन्दा छिटो तातिँदै गएको छ । बढ्दो तापक्रमले कतै हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् भने कतै असामान्य हिमपात र चिसो लहरले प्राकृतिक चक्रलाई अवरुद्ध गरिरहेको छ ।

वैज्ञानिकहरूको चेतावनीअनुसार यही अवस्था निरन्तर रहिरहेमा हिमालयका जलस्रोत, जैविक विविधता र मानव जीवन गम्भीर संकटमा पर्न सक्छन् । यसले सम्पूर्ण दक्षिण एसियाको भविष्यलाई नै थप अनिश्चित बनाउनेछ ।

### *तापक्रम परिवर्तन र हिमनदीको अवस्था*

कुनै समय कहिल्यै नपग्लिनेजस्ता देखिने हिमालयका हिम शिखर हरू वर्षभरि बाक्लो हिउँले ढाकिएका हुन्थे । तर पछिल्ला केही दशकयता जलवायु परिवर्तनका कारण यो दृश्य बदलिँदै गएको छ । वैज्ञानिक अध्ययनअनुसार हिमालय क्षेत्र विश्वको औसतभन्दा करिब दोब्बर गतिमा तातिँदै गएको छ । तापक्रम बढेसँगै हिमालयका धेरै ठूलासाना हिमनदीहरू हरेक वर्ष संकुचित हुँदै गएका छन् । 'हिन्दूकुश हिमालय मूल्याङ्कन प्रतिवेदन' अनुसार विश्वको औसत तापक्रम पूर्वऔद्योगिक कालको तुलनामा २ डिग्री सेल्सियसभन्दा बढी बढ्यो भने यस क्षेत्रमा रहेका करिब ७५ प्रतिशत हिमनदी हराउने जोखिममा पर्न सक्छन् ।

हिमनदी पग्लिँदा सुरुमा नदीहरूमा पानीको मात्रा बढेजस्तो देखिए पनि यो अल्पकालीन हुन्छ । केही समयपछि हिमनदी सुक्दै जाँदा नदीहरूमा पानीको बहाव घट्छ र स्थायी जलस्रोत संकटमा पर्न सक्छ । पछिल्ला वर्षहरूमा कतिपय क्षेत्रमा अत्यधिक हिमपात र असामान्य चिसोले हिमनदीमा नयाँ हिउँ जम्ने प्रक्रिया प्रभावित भएको छ । बढ्दो तापक्रम र असन्तुलित मौसमी अवस्थाले हिमनदी पग्लिने र पुनः भरिने दुवै प्रक्रिया प्रभावित हुँदा हिमालयको जलसन्तुलन जटिल र अस्थिर बन्दै गएको देखिन्छ ।

प्राकृतिक विपद्को बढ्दो जोखिम जलवायु परिवर्तनका कारण हिमालय क्षेत्र प्राकृतिक विपद्हरूको उच्च जोखिममा पर्दै गएको छ । पहिले कहिलेकाहीं मात्र देखिने बाढी, पहिरो, हिमपहिरो र हिमताल विस्फोटजस्ता घटना अहिले बारम्बार र विनाशकारीरूपमा देखा पर्न थालेका छन् ।

तापक्रम बढ्दा हिमनदी पग्लेर बनेका ठूला हिमतालहरू आकारमा ठूलो र अस्थिर बन्दै गएका छन् । यस्ता हिमताल फुट्दा आउने आकस्मिक बाढीले तलका बस्ती, सडक, पुल, जलविद्युत् आयोजना र खेतीयोग्य जमिनमा ठूलो क्षति पुर्‍याउँछ । पछिल्ला वर्षहरूमा सोलुखुम्बु, मनाङ र मुस्ताङ क्षेत्रमा भएका हिमताल विस्फोटन र बाढीका घटनाहरू अब समान्य बन्दै गएका छन् । सन् २०२४ को अगस्तमा खुम्बु क्षेत्रमा र सन् २०२५ को जुलाईमा नेपाल-चीन सीमावर्ती क्षेत्रमा भएका बाढीका घटनाहरू हिमाली प्रणालीको बढ्दो अस्थिरताको उदाहरण हुन् ।

जलवायु परिवर्तनले वर्षा प्रणाली असन्तुलित बनाउँदा कहिले अत्यधिक वर्षा भएर एकैचोटि बाढी र पहिरो आउँछ भने कहिले लामो समयसम्म वर्षा नहुँदा खडेरीको समस्या देखिन्छ । यसले हिमाली समुदायलाई बाढी, पहिरो र खडेरीको दोहोरो संकटमा पारेको छ ।

यसरी प्राकृतिक विपद्को बढ्दो जोखिमले हिमालय क्षेत्रलाई अझै असुरक्षित बनाउँदै लगेको छ । समयमै वैज्ञानिक पूर्वतयारी, जोखिम न्यूनीकरण योजना र स्थानीय समुदायको क्षमता विकासमा ध्यान दिइएन भने भविष्यमा यसले झन् ठूलो मानवीय एवं आर्थिक क्षति निम्त्याउने निश्चितै देखिन्छ ।

### *पेसा, व्यवसाय र जनजीवनमा प्रभाव*

जलवायु परिवर्तनको असर हिमाली समुदायको दैनिक जीवनमा प्रत्यक्षरूपमा देखिन थालेको छ । यसले मानिसको पेसा, रोजगारी, स्वास्थ्य र बसोबास सबै क्षेत्रमा गहिरो प्रभाव पारिरहेको छ ।

हिमाली क्षेत्रका धेरै परिवार आज पनि परम्परागत कृषिमा निर्भर छन् । तर अनियमित वर्षा, पानीका मुहान सुक्नु र तापक्रमको असन्तुलनका कारण खेती प्रणाली संकटमा परेको छ । समयमा वर्षा नहुँदा बाली सुक्ने, अत्यधिक वर्षाले बाली बग्ने र उत्पादन घट्ने अवस्था बढ्दै गएको छ । यसको प्रत्यक्ष असर खाद्य सुरक्षामा परेको छ जसले गरिबी र बसाइँसराइको चक्र बढाएको छ ।

हिमालय क्षेत्रको मुख्य आर्थिक आधारमध्ये एउटा पर्यटन हो । तर हिउँको मात्रा घट्नु, मौसम अनिश्चित हुनु र प्राकृतिक जोखिम बढ्नुका कारण पर्यटन गतिविधि प्रभावित भएको छ । पर्वतारोहण, ट्रेकिङ र हिमाली पर्यटनसँग जोडिएका होटल, गाइड, पोर्टर र साना व्यवसायमा प्रत्यक्ष असर परेको छ । यसका कारण धेरै युवा रोजगारीको खोजीमा गाउँ छाड्न बाध्य भएका छन् ।

जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी, चिसो लहर, बाढीपहिरो र कमजोर पूर्वाधारले हिमाली समुदायको स्वास्थ्य जोखिम बढाएको छ । स्वच्छ पानीको अभाव, स्वास्थ्य सेवामा पहुँच कठिन हुनु र आपतकालीन अवस्थामा सडक अवरुद्ध हुनुले समस्या थप जटिल बनेको छ । सुरक्षित बसोबास खोज्दै धेरै परिवार जोखिमयुक्त क्षेत्रबाट पलायन भइरहेका छन् ।

हिमालय क्षेत्र विश्वकै महत्त्वपूर्ण जैविक विविधता 'हटस्पट' हो । तर जलवायु परिवर्तनका कारण धेरै वनस्पति र जनावरका प्रजाति हरूको वासस्थान माथिल्लो वा चिसो क्षेत्रतर्फ सर्दै गएको छ । अत्यन्तै चिसो वा निश्चित वातावरणमा मात्र बाँच्न सक्ने केही प्रजातिहरू लोप हुने गम्भीर खतरामा परेका छन् । समयमै संरक्षण र दिगो व्यवस्थापन गरिएन भने हिमालय क्षेत्रको अमूल्य जैविक विविधता भविष्यका पुस्ताका लागि इतिहास बन्न सक्ने खतरा बढ्दो छ ।

समाधान र अनुकूलनका उपाय जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सबैभन्दा पहिले हरितगृह ग्यासको उत्सर्जन घटाउनु आवश्यक छ । यसका लागि कोइला र पेट्रोलियमजस्ता जैविक इन्धनको प्रयोग कम गरी जलविद्युत्, सौर्य र वायुजस्ता नवीकरणीय ऊर्जाको प्रयोग बढाउनुपर्छ । वनले कार्बन सोस्ने महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले अन्धाधुन्ध वन फँडानी रोक्दै वन संरक्षण र वृक्षारोपणलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ । यसै वर्ष ब्राजिलमा सम्पन्न कोप-३० सम्मेलनले फोसिल इन्धनको चरणबद्ध अन्त्यको दिशा पहिचान गर्दै विश्वलाई स्वच्छ ऊर्जा केन्द्रित भविष्यतर्फ अघि बढ्ने ढोका खोलेको छ ।

स्थानीय स्तरमा पानीका मुहान संरक्षण, वर्षा पानी संकलन, सिँचाइ व्यवस्थाको सुधार र जलवायु अनुकूल कृषि प्रणाली अपनाउन आवश्यक छ । खडेरी र अत्यधिक वर्षा सहन सक्ने बालीको विकास, बाली विविधीकरण र परम्परागत ज्ञानको उपयोगले किसानको जोखिम घटाउन सक्छ ।

बाढी, पहिरो र हिमताल विस्फोट जस्ता विपद्बाट जोगिन जोखिम न्यूनीकरण योजना, प्रारम्भिक पूर्व सूचना प्रणाली र सुरक्षित पुर्वाधार विकासमा लगानी गर्नुपर्छ । स्थानीय समुदायलाई तालिम, जानकारी र स्रोत प्रदान गरी अनुकूलन क्षमता

*बाँकी पृष्ठ ७ मा...*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



## मध्यस्थता संवाद

# ‘अरूले सन्तान गुमाउनु नपरोस् भनेर संस्था स्थापना गरेँ’

*मकवानपुरको हेटौँडा-९, लामसुरेहाइटमा अवस्थित सिआन पुनर्स्थापना गृह कुनै समय ७५ हजार रूपैयाँको सानो कोषबाट सुरू भएको एउटा प्रयास थियो । आज यही प्रयास लागु औषध तथा मदिरा दुर्व्यसनमा फसेका हजारौँ युवाका लागि आशाको उज्यालो बनेको छ । २०७३ सालमा सुरू भएको सिआन केवल पुनर्स्थापना केन्द्र मात्र रहेन, यो आज मानवता, धैर्यता र दोस्रो अवसरको अभियान बनेको छ । यस अभियानका अगुवा हुन्-सौजन डिसी । आफ्नै जीवनको अँध्यारोबाट उज्यालोतर्फ फर्किएका सौजनले आज आफ्नो पीडा, अनुभव र संघर्षलाई समाजका लागि औषधि बनाएका छन् । लागुऔषध त्यागेको १० औँ वर्ष पूरा भएको अवसरमा हामीले उनीसँग कुराकानी गरेका छौँ ।*

***तपाई लागुऔषधमा कहिले र कसरी फस्न पुग्नुभएको थियो ?***

मेरो कुलतको सुरुआत निकै सानै उमेरमा भयो । म कक्षा ६ मा पढ्दै गर्दा, परीक्षाको समय नजिकिँदै जाँदा साथीहरूसँग पढ्ने बहानामा सँगै बस्न थालेँ । त्यही संगतले पहिलो पटक गाजा चखायो । त्यो बेला म ९-१० वर्षको मात्र थिएँ । त्यसलाई मैले गल्ती ठानिनँ, खेलझैँ लाग्यो । तर त्यही खेलले मेरो जीवनको दिशा बदलिदियो ।

***सुरुमा सामान्य देखिएको प्रयोग कसरी गहिरो दुर्व्यसनमा बदलियो ?***

सुरुमा म आफूलाई नियन्त्रणमै छु जस्तो लाग्थ्यो । तर बिस्तारै प्रयोग बढ्दै गयो, पढाइ बिग्रँदै गयो । विद्यालयप्रति रुचि घट्यो, घरमा झूट बोल्न थालियो । परिवारले शंका गर्न थाल्यो । जबसम्म बुझ्ने भएँ, तबसम्म म निकै गहिरो दलदलमा फसिसकेको रहेछु ।

***लागुऔषध प्रयोगको क्रममा तपाईंले भोग्नुभएको सबैभन्दा पीडादायी क्षण कुन हो ?***

मेरो जीवनको सबैभन्दा पीडादायी क्षण भनेको मेरो पहिलो सन्तान गुमाउनु  हो । त्यो घाउ म आजसम्म बिर्सन सकेको छैन । अर्को घटना झन् पीडादायी छ- ‘अन्तिम पटक हो’ भन्दै आमासँग पाँच हजार रुपैयाँ मागेको । आमाले विश्वास गरेर सय-सयका नोट गनेर दिनुभएको त्यो दृश्य आज पनि आँखामा ताजै छ । मैले आमाको विश्वास चकनाचुर पारेको थिएँ ।

***कुन मोडमा आएर तपाईंले ‘अब परिवर्तन अनिवार्य छ’ भन्ने महसुस गर्नुभयो ?***

२०७२ साल मेरो जीवनको टर्निङ प्वाइन्ट हो । एक दिन आफैँलाई हेर्दा लाग्यो- मेरा कति वर्ष खेर गएछन् । मेरै कारण परिवार समाजमा लज्जित भएको छ । त्यो दिन मैले आत्मग्लानि महसुस गरेँ र आफैँसँग कसम खाएँ-अब म लागुऔषध प्रयोग गर्दिनँ ।

***पुनर्स्थापनाको यात्रा कसरी सुरू भयो ?***

यो यात्रा म एक्लै हिँडेको होइन । मेरो परिवारले हात समातेर उठायो । हिजो एक घण्टा पनि लागुऔषध बिना बस्न नसक्ने म आज एक दशक पूरा गर्न सफल भएको छु । म जुन स्थानमा छु, त्यसको श्रेय मेरो परिवारलाई जान्छ ।

***लागुऔषध छोड्न सफल हुन तपाईंलाई सबैभन्दा धेरै सहयोग गर्ने तत्व के थियो ?***

साथीहरू, अग्रजहरू र सकारात्मक संगत । धेरैले मलाई बाटो देखाइदिनुभयो । यो सफलता मेरो मात्र होइन, मेरो परिवार र समुदायको साझा सफलता हो । पछिल्ला दस वर्ष मेरो जीवनकै नयाँ अध्याय हुन् ।

***सिआन पुनर्स्थापना केन्द्र खोल्ने सोच कसरी आयो ?***

यसको प्रेरणा मेरो गुमेको सन्तान हो । उसैको नामबाट ‘सिआन‘ राखेर यो केन्द्र सुरु गरेँ । त्यो बेला हेटौँडामा एउटा मात्र सुधारगृह थियो । म २२-२३ वर्षको उमेरमा सुधारगृह खोल्छु भन्दा धेरैले विश्वास गरेनन् । चुनौती थियो, तर सबैलाई बुझाउँदै अगाडि बढेँ । मैले आृनो सन्तान गुमाएँ, अरूले आृनो सन्तान नगुमाउन भन्ने नै मेरो उद्देश्य हो ।

***सुरूका दिनमा समाजको प्रतिक्रिया कस्तो थियो ?***

सुरुमा निकै गाह्रो थियो । ‘यातना केन्द्र’ भन्ने आरोप पनि लाग्यो । समाज र परिवारलाई बुझाउन धेरै संघर्ष गर्नुपऱ्यो । तर केही युवालाई सफलतापूर्वक पुनर्स्थापित गरेपछि विश्वास बढ्दै गयो ।

***हालसम्म कति जनाले सिआनबाट नयाँ जीवन सुरू गरिसकेका छन् ?***

हालसम्म दुई हजारभन्दा बढी युवालाई पूर्ण रूपमा पुनर्स्थापित गर्न सफल भएका छौँ । अहिले पनि ७३ जना




उपचाररत हुनुहुन्छ ।

***सिआन पुनर्स्थापना केन्द्रमा कस्ता सेवा उपलब्ध छन् ?***

यहाँ उपचारसँगै परामर्श, अनुशासन, आत्मअनुशासन, सामाजिक व्यवहार र जीवन सीपमा जोड दिइन्छ । यो केवल उपचार केन्द्र होइन, जीवन पुनर्निर्माण गर्ने थलो हो ।

***तपाईंको यात्रामा तपाईंलाई उठाउन सबैभन्दा ठूलो भूमिका कसले खेले ?***

मेरो परिवार, सहकर्मी र समुदाय। समुदायले मलाई स्वीकार गर्नु नै मेरो ठूलो उपलब्धि हो ।

***अहिले पनि लागुऔषधको दलदलमा फसेका युवालाई तपाईंको सन्देश के छ ?***

दलदलमा जान सजिलो छ, तर निस्कन गाह्रो । तर निस्कन असम्भव छैन । धेरै हातहरू तपाईंको प्रतीक्षामा छन् । कृपया हिम्मत नहार्नुहोस् ।

***तपाईंको जीवनबाट समाजले सिक्नुपर्ने मुख्य पाठ के हो ?***

धैर्यता । मैले पढाइ बीचमै छोडेँ, परिवार पनि पछाडि पर्यो । तर धैर्यले मलाई यहाँसम्म ल्यायो । सिआन खोलेँ, पढाइलाई पनि निरन्तरता दिएँ । धैर्य नै सफलताको मूलमन्त्र हो ।

***पुनर्स्थापित व्यक्तिलाई समाजले कस्तो दृष्टिले हेर्नुपर्छ ?***

पहिलाभन्दा अहिले समाज धेरै सकारात्मक बनेको छ । पुनर्स्थापित व्यक्तिलाई सम्मान र अवसर दिनुपर्छ ।

***आगामी पाँच वर्षमा सिआनलाई कहाँ देख्न चाहनुहुन्छ ?***

उपचारसँगै सीप विकासमा जोडिएको केन्द्र बनाउन चाहन्छु । नीति-नियममा सुधार गर्दै युवालाई आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य हो ।

---

## उदाहरण

# ‘आशाको दीप’ बनेकी शान्ति



बागमती प्रदेश युवा परिषद्, हेटौँडाले प्रदान गरेको ब्युटिसियन तालिमको प्रभावले चितवनको खैरहनी नगरपालिका-६, पर्साकी शान्ति चौधरीको जीवनमा आफूल परिवर्तन ल्याइदिएको छ । ३८ वर्षीया शान्तिको जीवन यात्रा सहज थिएन । अभाव, पीडा र सीमित सम्भावनाबीच हुर्किएकी शान्तिले कहिल्यै हार मानिनन् । निरन्तर संघर्ष, अडिग आत्मबल र सीपप्रतिको विश्वासले आज उनलाई आत्मनिर्भर महिलाको उदाहरणीय पहिचान दिलाएको छ । घरायसी असहजता र पारिवारिक सहयोगको कमी हुँदाहुँदै पनि ‘केही गरेर देखाउने’ अठोटकै कारण उनी आज सफल ब्युटिसियनका रूपमा स्थापित छिन् ।

एसएलसीसम्म औपचारिक शिक्षा लिएकी शान्तिको जीवनमा २०६१ सालमा आमाको र २०७१ सालमा बुबाको निधनले गहिरो चोट पुऱ्यायो । अभिभावक गुमाउँदा जीवनले एकाएक कठोर मोड लियो । संरक्षण, स्नेह र मार्गदर्शन आवश्यक पर्ने त्यो समयमा उनी अत्यन्त पीडामा परिन् । अभिभावकविहीन जीवन सजिलो हुँदैन, तर शान्तिले आफूलाई कमजोर बन्न दिइनन् । दाजु, भाउजु र भदासँगै बस्दै घरको जिम्मेवारी समेत वहन गर्दै उनले आत्मनिर्भर भविष्यको सपना देखिरहेकी थिइन् । परिवारको भरोसा र आृनो जीवनको आधार आफैँ बन्ने दृढ सङ्कल्पमा उनी थिइन् ।

त्यही सङ्कल्पले उनलाई करिब ७-८ वर्षअघि ब्युटिसियन तालिमतर्फ डोऱ्यायो । कुनै संस्थागत सहयोगको अपेक्षा नगरी उनले आृनै खर्चमा बेसिक र एड्भान्स तालिम लिइन् । त्यसका लागि उनले करिब ३५-४० हजार रुपैयाँ लगानी गरिन् । तालिमपछि काम सुरु गर्न सहज थिएन । सुरुमा उनले अरूको पार्लरमा सहयोगीका रूपमा काम गर्न थालिन् । हात बसाल्नकै लागि थोरै पारिश्रमिकमा लामो समय काम गरिन् । ६-७ वर्षसम्म अरूको पार्लरमा काम गर्दा उनको मासिक आम्दानी २-४ हजार बाट बढ्दै १६ हजार रुपैयाँसम्म पुग्यो । यसले दैनिक जीवन त धानिएको थियो, तर मनमा आत्म सन्तुष्टि भने थिएन । उनको भित्री आवाज बारम्बार भनिरहन्थ्यो-‘अब आफ्नै लागि आफैँले केही गर्नुपर्छ ।’

उनको यही सोच क्रमशः कर्ममा रूपान्तरण हुँदै गयो । २०८० सालको माघ-फागुनतिर उनी बसोबास गर्ने वडाबाट ब्युटिसियन लेभल-१ को नि:शुल्क तालिमको जानकारी पाइन् । उनले अवसर चुकाइनन् । तालिमले उनको सीपमा निखारता थप्यो, आत्मविश्वास अझ मजबुत बनायो । तालिम सकिएपछि उनले महसुस गरिन् -अब आफ्नै व्यवसाय सुरु गर्न सकिने समय आएको छ ।

यसैबीच जीवनले उनलाई अर्को सुनौलो अवसर पनि दियो । साथी कमलाबाट उनले प्रदेश युवा परिषद्, बागमतीद्वारा प्रदान गरिने ब्युटिसियन लेभल-२ को नि:शुल्क तालिमबारे जानकारी पाइन् । सहभागी छनोट प्रक्रिया सम्पन्न भइसकेको थियो । तर, छनोट भएकी एक सहभागी विदेश जानुपर्ने भएपछि खाली भएको स्थानमा शान्तिलाई अवसर मिल्यो । यो क्षण उनका लागि जीवनकै महत्वपूर्ण मोड सावित भयो ।

३९० घण्टा लामो यो तालिम उनका लागि केवल तालिम मात्र रहेन । आत्मनिर्भर जीवनको ढोका बन्यो । तालिम अवधिभर नियमित अनुगमन, प्रशिक्षकको मार्गदर्शन र सहपाठीको हौसलाले उनको सिकाइ अझ प्रभावकारी बन्यो । तालिमपछि उनी अब अरूलाई पनि सिकाउन सक्ने हैसियतमा पुगेकी थिइन् । यही आत्मविश्वासका साथ उनले गत वर्षको तीजको अवसर पारेर रत्ननगर नगर पालिका-५, टाँडीमा ‘एन्ड्रिज ब्युटी पार्लर’ सञ्चालनमा ल्याइन् ।

पार्लर खोल्न उनले करिब डेढ लाख रुपैयाँ लगानी गरिन् । यो रकम उनले वर्षौंसम्म मेहनत गरेर बचत गरेको हो । न कसैसँग ऋण लिइन्, न ठूलो जोखिम मोलेन् । मासिक सात हजार रुपैयाँ भाडामा कोठा लिएर सुरु भएको सानो व्यवसाय आज उनको आत्मसम्मान र पहिचान बनेको छ । अहिले उनी दैनिक एक हजारदेखि बाह्र सय रुपैयाँसम्म आम्दानी गरिरहेकी छन् । सिजनमा भने यो आम्दानी दुई हजारदेखि २५ सय रुपैयाँसम्म पुग्ने गरेको छ ।

पार्लर सुरु भएपछि शान्तिको आत्मविश्वास झन् बढ्यो । पहिले सेवा लिइरहेका ग्राहकहरू उनलाई खोज्दै आउन थाले । यसले उनको मनोबल उच्च बनायो । आज उनी केवल सेवा दिने मात्र होइन, सीप बाँड्ने अवस्थामा पुगेकी छन् । हाल

*बाँकी पृष्ठ ६ मा...*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
२०८२ मंसिर २१ गते आइतबार
(7th Dec., Sunday 2025)

## कृषि

# व्यवसायिक ड्रागन फल खेती



नेपालमा कृषि क्षेत्र नयाँ सम्भावनाको खोजीमा छ। र, त्यही सम्भावनाको एउटा उज्यालो उदाहरणका रुपमा ड्रागन फल अगाडि आएको छ। नेपालमा यो फल भित्रिएको समय धेरै लामो नभए पनि छोटो अवधिमै किसानदेखि उपभोक्तासम्मको ध्यान खिच्न सफल भएको छ। बाहिरी रुपमा आकर्षक, भित्री रुपमा स्वादिलो र पोषणले भरिपूर्ण यो फलले आफ्नो महँगो मूल्यसमेत जायज ठह्र्याइदिन्छ। स्वास्थ्यप्रति सचेत बन्दै गएको समाजमा ड्रागन फल केवल विलासी उपभोगको साधन मात्र नभई पोषण र आम्दानीको महत्वपूर्ण स्रोतका रुपमा स्थापित हुँदै गएको छ।

ड्रागन फल खेती गर्न अत्यधिक कठिन नपर्ने भएकाले यो फल नेपाली किसानका लागि उपयुक्त मानिन्छ। तराईका तातो भूभागदेखि मध्य पहाड हुँदै उच्च पहाडी क्षेत्रसम्म यसको खेती सम्भव छ। समुन्द्री सतहदेखि करिब तीन हजार मिटर उचाइसम्म यसको उत्पादन गर्न सकिने भएकाले भौगोलिक विविधता भएको नेपालका लागि यो फल झनै उपयोगी देखिन्छ। सुक्खा ठाउँमा पनि राम्रोसँग फल लाग्ने यसको विशेषताले सीमित सिँचाइ सुविधा भएका क्षेत्रका किसानलाई समेत आकर्षित गरेको छ। एक पटक रोपिसकेपछि ड्रागनको बोटले धेरै वर्षसम्म निरन्तर फल दिने भएकाले दीर्घकालीन आम्दानीको आधार तयार हुन्छ। एउटा फलको तौल सामान्यतया एक सय पचास ग्रामदेखि एक किलोसम्म पुग्ने भएकाले बजारमा यसको उपस्थिति पनि प्रभावशाली देखिन्छ।

नेपालका विभिन्न स्थान, विशेषगरी काठमाडौं, पोखरा, चितवन जस्ता क्षेत्रका नर्सरीमा ड्रागन फलका बिरूवा सजिलै पाइन्छन्। सीमित जमिन भएका किसानले समेत घरको छत, करेसाबारी वा खाली ठाउँको सदुपयोग गरी यसको खेती गर्न सक्छन्। फूल फुलेको करिब पैँतालीस दिनमै फल खान योग्य हुने भएकाले यसले छिटो प्रतिफल दिन्छ। प्रायः जेठदेखि असोज कात्तिकसम्म निरन्तर फूल फुल्ने भएकाले उत्पादनको अवधि पनि लामो हुन्छ। सही तरिकाले हेरचाह गर्न सकेमा ड्रागन फल खेतीबाट राम्रो आम्दानी सम्भव छ, जसले वैदेशिक रोजगारीको विकल्प खोजिरहेका युवालाई पनि स्वदेशमै टिक्न प्रेरित गर्न सक्छ।

उत्पत्तिका हिसाबले ड्रागन फल दक्षिण अमेरिकाको मेक्सिको क्षेत्रबाट फैलिएको मानिन्छ। सिउँडी प्रजातिमा पर्ने यो फल विभिन्न नामले चिनिने भए पनि नेपालमा मुख्य रुपमा ड्रागन फल नामले परिचित छ। खेती गरेको करिब दुई वर्षपछि फल दिन सुरू गर्ने यो बोट अहिले नेपाली बजारमा प्रतिकिलो एक हजारदेखि बाह्र सय रूपैयाँसम्ममा बिक्री भइरहेको छ। माग बढ्दो क्रममा रहे पनि उत्पादन त्यसअनुसार पुग्न नसक्दा बजारमा अझै सम्भावना बाँकी छ। यसले व्यावसायिक किसानका लागि ठूलो अवसर सिर्जना गरेको छ।

व्यावसायिक रुपमा खेती गर्दा ड्रागन फलको बोटलाई अड्याउन बलियो पोलको आवश्यकता पर्छ। जमिन राम्रोसँग खनजोत गरी निश्चित दुरी कायम गर्दै पोल गाडिन्छ र प्रत्येक पोल वरिपरि तीनदेखि चारवटा बिरूवा रोपिन्छ। बिरूवा रोप्दा पोलतर्फ हल्का ढल्काएर रोप्ने र रोपिसकेपछि हल्का सिँचाइ तथा छापो हाल्ने गरिन्छ। यसरी व्यवस्थित रुपमा खेती गर्दा उत्पादन राम्रो हुने अनुभव किसानहरुले बताउँदै आएका छन्।

ड्रागन फल केवल ताजा रुपमा खाने फल मात्र होइन, यसबाट विभिन्न परिकार तयार गर्न सकिन्छ। यसबाट उच्चस्तरको आइसक्रिम, शक्ति दिने पेय पदार्थ, वाइन, ब्रान्डी, केक र गर्मी मौसममा लस्सीसमेत बनाउन सकिन्छ। यसको मुन्टाको तरकारी स्वादिलो हुन्छ भने फललाई सलाद वा मिठाइका विभिन्न परिकारमा प्रयोग गर्न सकिन्छ। यसरी एउटै फलबाट अनेक उपभोग सम्भव हुनु यसको अर्को ठूलो विशेषता हो।

स्वास्थ्यका दृष्टिले ड्रागन फल अत्यन्तै लाभदायक मानिन्छ। छालासम्बन्धी समस्या कम गर्न, कपालको स्वास्थ्य सुधार्न र शरीरलाई ताजगी दिन यसले सहयोग पुर्‍याउँछ।

## प्रविधि

# अन्तरिक्षबाट पृथ्वी निगरानी



रूसको अन्तरिक्ष निकाय रोस्कोसमोसले सोमबार सोयुज रकेटमार्फत एकै पटक बाउन्न वटा उपग्रहलाई सफलतापूर्वक पृथ्वीको निर्धारित कक्षमा पुर्‍याएको छ। आमुर प्रदेशस्थित भोस्तोच्नी अन्तरिक्ष स्थलबाट गरिएको यो प्रक्षेपण रूसको अन्तरिक्ष अनुसन्धान क्षमताका हिसाबले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। प्रक्षेपणका क्रममा दुईवटा अत्याधुनिक ऐस्ट–२ टी उपग्रहसहित अन्य पचास उपग्रहहरूलाई एकै मिसनमार्फत अन्तरिक्षमा पठाइएको हो, जसले बहुउद्देश्यीय उपग्रह प्रविधिमा रूसको दक्षता झल्काएको छ।

रोस्कोसमोसका अनुसार रकेटले उपग्रहहरूलाई पृथ्वीको कक्षमा स्थापित गर्न करिब पाँच घण्टा समय लिएको थियो। सबै उपग्रहहरू निर्धारित कक्षमा सुरक्षित रूपमा स्थापित भइसकेका छन् र तिनले कम्तीमा पाँच वर्षसम्म सक्रिय रहेर काम गर्ने अपेक्षा गरिएको छ। आधुनिक प्रविधिबाट सुसज्जित यी उपग्रहहरू पृथ्वी अवलोकन, वातावरणीय अध्ययन, वैज्ञानिक अनुसन्धान तथा विश्वव्यापी निगरानी प्रणालीसँग सम्बन्धित विभिन्न उद्देश्यका लागि प्रयोग गरिनेछन्।

यस प्रक्षेपणका मुख्य आकर्षण मानिएका ऐस्ट–२ टी उपग्रहहरू पृथ्वी अवलोकनका लागि रूसले विकास गरेको उन्नत वैज्ञानिक उपकरण हुन्। ती उपग्रहहरूको प्रमुख उद्देश्य पृथ्वीको सतहलाई अत्यन्त उच्च स्पष्टताका साथ अवलोकन गर्नु र प्रकृतिमा भइरहेका सूक्ष्मदेखि व्यापक परिवर्तनहरूको अध्ययन गर्नु हो। यी उपग्रहमा जडित प्रविधिले पृथ्वीका भूभाग, वन क्षेत्र, नदी प्रणाली, पहाडी भूगोल, सहर तथा ग्रामीण बस्तीहरूको विस्तृत त्रि–आयामी तस्वीर सङ्कलन गर्न सक्षम बनाउँछ। यसरी सङ्कलित तथ्याङ्कका आधारमा वैज्ञानिकहरूले सटीक नक्सा, संरचनात्मक प्रारूप र विश्लेषणात्मक नमूना तयार गर्न सक्छन्।

ऐस्ट–२ टी उपग्रहहरू विशेष गरी प्राकृतिक विपद् पहिचान र निगरानीमा अत्यन्त उपयोगी मानिन्छन्। जङ्गलमा लाग्ने आगलागी, बाढी, पहिरो, सुख्खा तथा अन्य वातावरणीय जोखिमहरूको समयमै जानकारी उपलब्ध गराउन यी उपग्रहले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। प्रारम्भिक चेतावनी प्रणालीका रूपमा काम गर्न सक्ने क्षमताका कारण यसबाट प्राप्त सूचना आपतकालीन व्यवस्थापन, राहत तथा पुनर्निर्माण कार्यमा समेत सहयोगी हुने विश्वास गरिएको छ।

यसका अतिरिक्त, यी उपग्रहहरूले वातावरणीय परिवर्तन, भूमिको प्रयोगमा आएको रूपान्तरण र प्राकृतिक स्रोतहरूको अवस्थाबारे दीर्घकालीन तथ्याङ्क सङ्कलन गर्नेछन्। जलवायु परिवर्तनको प्रभाव, वन विनाशको दर, सहरी विस्तार र कृषि क्षेत्रमा भइरहेको परिवर्तनलाई बुझ्न यस्ता तथ्याङ्क अत्यन्त महत्वपूर्ण मानिन्छन्। पाँच वर्ष वा सोभन्दा बढी समयसम्म सक्रिय रहने यी उपग्रहबाट प्राप्त जानकारी वैज्ञानिक अनुसन्धान मात्र होइन, दीर्घकालीन विकास योजना र नीति निर्माणका लागि समेत आधार बन्नेछ।

प्रक्षेपित अन्य उपग्रहहरू पनि विभिन्न वैज्ञानिक तथा प्राविधिक उद्देश्यका लागि डिजाइन गरिएका छन्। ती उपग्रहहरू पृथ्वीको निरन्तर निगरानी, वातावरणीय अवस्थाको अध्ययन, विद्युतचुम्बकीय विकिरणसम्बन्धी अनुसन्धान, विश्वव्यापी जल यातायातको अनुगमन तथा सञ्जाल उपकरणबाट आउने सङ्केत सङ्कलनमा प्रयोग हुनेछन्। यसले पृथ्वीको वर्तमान अवस्था बुझ्न र सम्भावित जोखिमहरूको पूर्वानुमान गर्न वैज्ञानिकहरूलाई थप सहयोग पुर्‍याउनेछ। रोस्कोसमोसका अधिकारीहरूले यस सफल प्रक्षेपणलाई रूसको अन्तरिक्ष अनुसन्धान इतिहासमा अर्को महत्वपूर्ण कदमका रूपमा व्याख्या गरेका छन्। उनीहरूका अनुसार, आगामी वर्षहरूमा यी उपग्रहबाट प्राप्त तथ्याङ्क वातावरण संरक्षण, वैज्ञानिक खोज, विपद् व्यवस्थापन र मानव जीवनसँग प्रत्यक्ष सम्बन्धित विभिन्न परियोजनामा प्रयोग गरिनेछ।

## शैली

# कपडा टिकाउने उपाय



हामीमध्ये धेरैलाई कपडा धुने, सुकाउने र राख्ने कुरा सामान्य जस्तो लाग्छ। यही सामान्य ठानिएको बानीकै कारण राम्रा र महँगा कपडा पनि छिट्टै पुराना देखिन थाल्छन्, रङ फिका हुन्छ र चमक हराउँछ। वास्तवमा कपडाको टिकाउ र सुन्दरता त्यसलाई कसरी हेरचाह गरिन्छ भन्ने कुरामा भर पर्छ। थोरै ध्यान दिएर अपनाइने सही तरिकाले एउटै कपडालाई लामो समयसम्म नयाँजस्तै राख्न सकिन्छ।

कपडा धुँदा सकेसम्म हल्का प्रकृतिको साबुन वा धुने पदार्थ प्रयोग गर्नु राम्रो हुन्छ। कडा पदार्थले कपडाको धागोलाई कमजोर बनाउने भएकाले कपडा चाँडै बिग्रिन्छ। सेतो कपडालाई सधैँ रङ्गीन कपडाबाट अलगै धुनुपर्छ, नत्र रङ सर्ने सम्भावना रहन्छ। रङ्गीन कपडालाई लामो समयसम्म साबुनमा भिजाइराख्नु पनि उपयुक्त हुँदैन, किनकि यसले विशेषगरी सुती कपडाको रङ पखालिन्छ। एउटै किसिमका रङ भएका कपडालाई मात्र सँगै धुनु सुरक्षित हुन्छ।

नाजुक प्रकृतिका कपडा जस्तै रेशमी, बनारसी वा भरतकाम गरिएको कपडा घरमै धुनुभन्दा विशेष सफाइ केन्द्रमा धुनु राम्रो मानिन्छ। यस्ता कपडामा प्रयोग गरिएको धागो र डिजाइन निकै संवेदनशील हुने भएकाले सामान्य धुने प्रक्रियाले पनि क्षति पुर्‍याउन सक्छ। कालो रङका कपडा, विशेष गरी कालो जिन्स, अन्य कपडाबाट अलग राखेर धुनु उपयुक्त हुन्छ, किनकि यसको रङ अरू कपडामा सजिलै सर्छ। ऊनी कपडाको हकमा अझ बढी सावधानी चाहिन्छ। तातो पानीमा धुँदा ऊनी कपडा खुम्चिने र आकार बिग्रिने सम्भावना हुन्छ। सकेसम्म कपडालाई मेसिनमा धुने बानी कम गर्नु राम्रो हुन्छ। मेसिनको तीव्र घुमाइले कपडाको बनावट कमजोर बनाउँछ र आयु घटाउँछ। कपडा सुकाउँदा पनि ध्यान दिनु आवश्यक हुन्छ। रङ्गीन कपडालाई चर्को घाममा सुकाउँदा रङ छिट्टै फिका हुन्छ, त्यसैले सोझै घामभन्दा पनि छायाँ वा आझेलमा सुकाउनु उपयुक्त हुन्छ। यसो गर्दा कपडाको रङ जोगिन्छ र टिकाउ पनि बढ्छ।

कपडालाई कसरी राख्ने भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण छ। कपडाको प्रकार र प्रयोग अनुसार राख्ने तरिका फरक हुनुपर्छ। इस्त्री गर्न मिल्ने कपडालाई हल्का इस्त्री गरेर राख्दा त्यसको स्वरुप राम्रो देखिन्छ। तर सबै कपडामा एउटै तापमानको इस्त्री उपयुक्त हुँदैन। सुती र रेशमी कपडामा मध्यम ताप आवश्यक पर्छ भने हल्का र पातला कपडामा कम तापमै इस्त्री गर्नुपर्छ। कपडाको प्रकृति नबुझी बढी ताप प्रयोग गर्दा कपडा जल्ने वा बिग्रिने खतरा हुन्छ।

दराज वा आलमारीको मिलावट पनि कपडाको टिकाउसँग जोडिएको हुन्छ। भरतकाम भएका कपडालाई साधारण कपडाबाट अलग राख्नु राम्रो हुन्छ। भारी भरतकाम भएका कपडालाई एकै ठाउँमा राख्नुपरेमा बीचबीचमा पातलो कागज राख्दा आपसमा घर्षण भएर बिग्रिनबाट जोगाउन सकिन्छ। यस्ता महँगा कपडालाई सकेसम्म छुट्टै आवरणमा राख्नु उत्तम हुन्छ। बनारसी कपडालाई अन्य कपडाबाट अलग बाँधेर राख्दा त्यसको बनावट र चमक लामो समयसम्म सुरक्षित रहन्छ।

महँगा र नाजुक कपडालाई घरमै धुनुभन्दा विशेष सफाइ केन्द्रमा धुनु नै सुरक्षित विकल्प हो। मखमली कपडालाई इस्त्री गर्दा पनि विशेष ध्यान दिनुपर्छ, किनकि सोझै इस्त्री गर्दा कपडा जल्न सक्छ। त्यसमाथि पातलो सुती कपडा राखेर मात्र इस्त्री गर्नु उपयुक्त हुन्छ। सुती कपडालाई इस्त्री गरेपछि ह्याङ्गरमा झुण्ड्याएर राख्नु राम्रो हुन्छ।

## स्वास्थ्य

# जाडोमा कसरी जोगिने ?



जाडोयाम सुरू भएसँगै देशका विभिन्न भूभागमा चिसो बढेको छ। विशेषगरी तराईका जिल्लामा शीतलहरले जनजीवन निकै कष्टकर बन्दै गएको छ। चिसोबाट जोगिन मानिसहरु आगो ताप्ने, कोइला बाल्ने, विद्युतीय हिटर चलाउने र ग्यासबाट चल्ने पानी तताउने उपकरण प्रयोग गर्न थालेका छन्। तर, यस्ता उपकरणको असावधानीपूर्ण प्रयोगले हरेक वर्ष ज्यानै जाने वा गम्भीर स्वास्थ्य समस्या लिएर अस्पताल पुग्नुपर्ने घटना दोहोरिँदै आएका छन्। चिकित्सकहरुका अनुसार जाडोमा न्यानो खोज्ने क्रममा गरिने सानो लापरबाही ठूलो दुर्घटनामा परिणत हुन सक्छ।

हालै मात्र सुर्खेतमा कोइला बालेर सुतेको अवस्थामा एक महिनाको शिशुको ज्यान गएको घटना सार्वजनिक भयो। सोही घटनामा परिवारका अन्य सदस्यहरु बेहोस अवस्थामा फेला परेका थिए। यस्ता घटना नयाँ होइनन्, तर अझै पनि सर्वसाधारणमा पर्याप्त सचेतना पुग्न सकेको छैन। न्यानो बनाउने उपकरण प्रयोग गर्दा कोठामा हावा ओहोरदोहोर नहुने अवस्था भएमा विषालु ग्यास जम्मा हुने खतरा बढ्छ। यस्तो ग्यास न गन्ध हुन्छ, न रङ्ग, न स्वाद नै थाहा हुन्छ। लामो समयसम्म त्यसको सम्पर्कमा रहँदा मानिसलाई थाहा नपाउँदै गम्भीर अवस्था सिर्जना हुन सक्छ।

चिकित्सकहरुका अनुसार आगो, कोइला, ग्यास वा पानी तताउने उपकरण चल्दा अक्सिजन चाहिन्छ। ती बल्ने क्रममा निस्किने ग्यास खुला वातावरणमा मिसियो भने खासै समस्या नहोला, तर बन्द कोठामा जम्मा हुँदा शरीरका लागि अत्यन्त घातक बन्छ। अक्सिजनको मात्रा घट्दै जाँदा मानिसले सास फेर्न गाह्रो मान्न थाल्छ, मुटुको चाल असामान्य हुन्छ, बेहोस हुने अवस्था आउँछ र समयमै उपचार नपाए ज्यानसमेत जान सक्छ। यस्ता अवस्थामा परेकालाई ढिला नगरी खुला हावामा लैजानु र तुरून्त अस्पताल पुर्‍याउनु अत्यन्त आवश्यक हुन्छ। समयमै उद्धार गर्न सकेमा तत्कालीन मात्र होइन, दीर्घकालीन असरबाट पनि बचाउन सकिने चिकित्सकहरुको भनाइ छ।

जाडोयाममा हुने यस्ता दुर्घटनाले मानिसको मानसिक स्वास्थ्यमा पनि दीर्घ असर पार्न सक्छ। गम्भीर अवस्थामा पुगेकाहरुमा पछि गएर स्मरण शक्ति कमजोर हुने, चनाखोपन घट्ने र सामान्य काममा पनि ढिलासुस्ती देखिने समस्या देखिन सक्छ। त्यसैले रोकथाम नै सबैभन्दा उत्तम उपाय मानिन्छ। शरीर न्यानो राख्न सकेसम्म सुरक्षित तरिका अपनाउनु पर्छ। न्यानो कपडा, सिरक, कम्बलको प्रयोग प्राथमिक उपाय हो। आगो ताप्दा वा विद्युतीय उपकरण चलाउँदा कोठामा हावा राम्रोसँग आवतजावत हुने व्यवस्था हुनैपर्छ।

स्वास्थ्य क्षेत्रका विज्ञहरु सुत्नुअघि कुनै पनि न्यानो बनाउने उपकरण पूर्ण रुपमा निभाएर वा बन्द गरेर मात्र सुत्न सुझाव दिन्छन्। बाथरुममा पानी तताउने उपकरण जडान गर्दा खुला ठाउँ रोज्नुपर्ने र नुहाउँदा झ्याल ढोका पूर्ण रुपमा बन्द नगर्नुपर्नेमा पनि उनीहरुको जोड छ। जाडोबाट बच्न खोज्दा जीवन नै जोखिममा पार्नु बुद्धिमानी होइन। थोरै सावधानी, सही जानकारी र सुरक्षित बानीले जाडोयामलाई स्वास्थ्यका हिसाबले सुरक्षित बनाउन सकिन्छ। न्यानो खोज्ने क्रममा सचेत बनौँ, ताकि जाडो हाम्रो शत्रु होइन, सामान्य ऋतुका रुपमा मात्रै सीमित रहोस्।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# पारिजातको आत्मकथाकारिता

प्रा. डा. भवानीप्रसाद पाण्डे

आत्मकथा साहित्यमा व्यक्ति जीवनकै मुक्त अतीतको पृष्ठभूमि अन्तर्गत सिर्जित हुने व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण प्रस्तुत गरिन्छ । यसमा व्यक्ति लेखकले आत्मपरीक्षण निरीक्षण गर्दछ । उसले आफ्नो विगत जीवन र व्यक्तित्वलाई आफैले उद्घाटन एवम् आलोचनासमेत गर्दछ । यस सन्दर्भमा आत्मकथाकारले निष्पक्ष र प्रामाणिक रूपमा विगत जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्दछ । अर्थात् आफ्नो जीवनलाई सामाजिकीकरण गरेर हेर्दछ । आफ्ना स्मरणबारे पारिजातको कथन छ- असङ्ख्य मान्छेको मनको संसार असङ्ख्य ग्रह-नक्षत्रहरू अटाइएको आकाशजस्तो अथवा एउटा सिङ्गो महासागरजस्तो असङ्ख्य घटना, स्थिति मनस्थिति तथा अनुभूतिहरूले भरिएको हुन्छ । प्रत्येक मान्छेको जीवन जतिजति बाँच्दै गयो उतिउति अनुभवहरूको एउटा विशाल काव्य बन्दै जान्छ । यसै काव्यभित्र थुप्रिँदै गएका हुन्छन्, सन्तुष्टि, असन्तुष्टि, दुःख सुखका तितामिठा असङ्ख्य संस्मरण र सम्झनाहरू यी सम्पूर्ण स्मरण, सम्झनाहरूलाई महासागरबाट एकएक थोपा पानी हत्केलामा लिएजस्तो मात्र लिन सकिन्छ महासागर खन्याउन सकिँदैन । जीवनका टुक्राटुक्री पक्षहरूलाई अक्षरमा गाँस्नु कलमबद्ध गर्नु संस्मरण लेख्नु हो । यसरी हेर्दा पारिजात आफ्ना स्मरणहरूमा आफैलाई ढाँट्ने, छल्ने र रहस्यमय बनाउने खालकी अत्मकथाकारका रूपमा देखिन्नन् । उनका स्मरणहरू उनकै स्वीकारोक्ति र आत्मपरीक्षण हुन् ।

पारिजातका आत्मकथात्मक स्मरणहरू 'धूपीसल्ला र लाली गुराँसको फेदमा' (२०४३), 'एउटा चित्रमय शुरुआत' (२०४५) र 'अध्ययन र सङ्घर्ष' (२०५०) गरी तिन भागमा प्रकाशित भएका छन् । उनले यो लेखन वि. स. २०२९ सालदेखि सुरु गरेको पाइन्छ । उनका धारावाहिक रूपमा रूपरेखामा छापिएका स्मरणहरूको सङ्कलन 'धूपी सल्ला र लालीगुँरासको फेदमा' हो । त्यस्तै जनमत र मूल्याङ्कनमा फुटकर रूपमा प्रकाशित गरिएका स्मरणहरूको सङ्कलन 'एउटा चित्रमय सुरुवात' हो भने अध्ययन र सङ्घर्ष नामक ग्रन्थचाहिँ पुस्तकाकारमा मात्र आएको हो । यसरी प्रकाशनका दृष्टिले यी ग्रन्थहरू क्रमश: पहिलो, दोस्रो र तेस्रोको रूपमा देखिन्छन् तापनि उनको जीवनको शृङ्खलितताका दृष्टिले पहिलोमा अभिव्यक्त भएको जीवनको निरन्तरता दोस्रोमा पाइन्छ । अत: उनको जीवनखण्डको दोस्रो चरणको वर्णन भएको भागको रूपमा 'अध्ययन र सङ्घर्ष' लाई लिनु पर्ने देखिन्छ । दार्जिलिङको पारिजातको परिस्थितिलाई अघिल्लो र काठमाडौँ प्रवेशपछिको अवधिलाई पछिल्लो कृतिले समेट्दछ । आफ्ना अनुभूतिहरूलाई व्यवस्थित रूपमा लेख्न सम्भव नभएको बारे पारिजात भन्छिन्- "मैले भोगेका जटिलता जीवन र अनुभूतिहरूलाई एउटै आत्मकथामा लेख्दै जानु पटक्कै सम्भव थिएन" यसो भने पनि उनका स्मरणहरूमा उनको जीवनको प्रतीति भने व्यापक पाइन्छ । अब यी स्मरणहरूको सङ्क्षिप्त विश्लेषणतिर लागौँ ।

**१. धूपी सल्ला र लाली गुराँसको फेदमा :**

यो पारिजातको बाल्यकालको स्मृतिबिम्बमा कोरिएका परिस्थिति, घटना र स्मृति चिह्नहरूको वर्णन हो । यसको प्रारम्भमै उनले आफ्नो चाहना विपरीत भावुक कल्पनाशील र संवेदनशील देखिनु, सानै उमेरमा प्रेम गर्नु, त्यसको पीडाले छट्पटिनु, काठमाडौँ आएपछि पनि जीवन अव्यवस्थित हुनु, अपराधबोधी मानसिकता विकास हुनु आदि काठमाडौँ आउनुभन्दा पहिलेका अनुभव र अनुभूतिलाई प्रस्तुत गरेकी छन् । यसमा बाबु चियाबगानको नोकरी छाडेर सहरमा आएका, कान्छी बहिनीको जन्म र आमाको मृत्यु भएको, बाबुको स्नेहमा हुर्केको आदि विगतका संस्मरण पाइन्छन् ।

पारिजातका बाबुले हरेक दिन कथा घटनाहरू सुनाउने गर्थे । जिनियस हुने सल्लाह दिन्थे । तल्लो तहका साथीसँग खेल्न दिँदैनथे । घरमा शोषण नभए पनि अनुशासन थियो । त्यसको पालना गर्दा उनी स्वतन्त्रताबाट बञ्चित भएको अनुभव गर्थिन् । यहाँ उनी दार्जिलिङको प्राकृतिक गतिविधिसँग घुलमिल भएर रमाएका प्रसङ्गहरू छन् । जस्तो, त्रास बोकेर भए पनि बाहिर खेल्न निस्कनु, मरेका कुकुर, बिराला आदिको मलाम जानु, दाहसंस्कार गर्नु, चाँपका कोपिला बटुल्नु, नागबेलीका माला लगाउनु, लेकाली खोलाको छेउमा बसेर पुतलीको घाँघर सुरुवाल धुनु, ऐँसेलुको झाङभित्र जिउ छाडेर बस्नु आदि स्वभाविक बालक्रीडाभित्र उनी देखिन्छिन् । यसमा विश्वयुद्धले खटाइदिएको रासन खाएर बाँच्नुपर्ने विवश परिस्थितिबाट गुज्रँदै हुर्केको यथार्थ बताएकी छन् । बाबुले डाक्टर बनाउन खोज्दा त्यतातिर मन नजानु, आमाको मृत्यु पछि बाबुले ईश्वरको खिल्ली उडाउनु, दिनभरि मेडिकल हलमा गफ हाँकी चुरोट पानको राउन्ड लगाउनु आदिजस्ता बाबुका क्रियाकलापले आर्थिक स्थिति खस्कँदै गएको र पीडा सुरू भएको अनुभूति हुँदै गएको, पचाउनै नसक्ने अवस्थामा बाबुले विभिन्न साहित्यिक दार्शनिक आदि ज्ञानमूलक कुरा सुनाउने गरेकोले वीरपूजक हुनपुगेको, उनले परिकल्पना गरेको कथानायक आउन नसकेको, बाबु आफ्नो औषधिको प्रयोगतिर लागेपछि दाजुको अभिभावकत्वमा रहनुपरेको, दाजु-भाउजूको चपेटामा परेर उत्तरदायित्वहीन भएपछि आफूमा अस्तित्वबोध र दु:खकष्टसँग जुध्ने मानसिकता सुरू भएको, उमेरको विकासक्रमभन्दा अगावै गरुङ्गो कल्पनाशीलता, भावुकता र असामान्य संवेदनशीलता आउनुमा पारिवारिक लगायतका कारणहरूले भूमिका खेलेको देखिन्छ । व्यक्तिवादी प्रकृतिको विकासको कारण पनि यही देखिन्छ । १३ वर्षकै उमेरमा व्यक्तिवादी घमण्डी नारीका रूपमा उभिनु, प्रेम भावनाको द्वन्द्वसङ्घर्षमा हाम फाल्नु, दाजुको मृत्यु हुनु, बाबु काठमाडौँ प्रस्थान गर्नु, कालिङ्पोङ दिदीकहाँ जानु, त्यहाँ दिदीमाथि भिनाजुको अत्याचार देख्नु, काकाको छोरा दाजुसँग नेपाल आउनु आदि घटना प्रतिघटनासँग सङ्घर्ष गरेका कुरा यसमा आएका छन् ।

विशेषत: यसमा पारिजातका पारिवारिक परिस्थिति, बाह्य परिवेश र अवस्थाहरू सूक्ष्म रूपमा आएका छन् । आर्थिक जटिलता र अभावको भुमरीमा चुर्लुम्म डुबी आफ्नो घरभित्र स्वतन्त्र भएर पनि परतन्त्रताको अनुभूतिले उनलाई डुबाउँदै गएको पाइन्छ । उनको उमेरको विकासक्रमभन्दा मनको विकास अघि भएको हुनाले उनमा अन्तर्मुखी प्रवृत्तिहरू बढ्दै गएका, यिनै प्रकृतिहरूले उनलाई त्रासद स्थितिमा पुर्‍याएको, आफूभित्र झाङ्गिदै गएको भावुक र कल्पनाशील स्वभावले उनलाई निर्णय गर्न नसक्ने, मनभित्र कुरा खेलाई राख्ने व्यक्तिवादी प्रकृतिमा पुर्‍याएको, आफैले आफ्नो प्रेमको हत्या गरेपछि अपराधबोधको भावना पनि थपिन गएको कुरा उल्लेख गरेकी छन् । यसरी उनले आफैले जन्माएका मानसिक अन्तर्द्वन्द्व र तनावजस्ता विषालु प्रवृत्तिले गर्दा नै अभिमान र जिद्दीपनको विकास भएको, त्यसैले जीवनप्रति वितृष्णाको भाव उमारिएको, यस आत्मविरोधी एवम् आत्मघाती प्रवृत्तिले छाडेपछि उनी 'अध्ययन र सङ्घर्ष' तिर लागेको उल्लेख गरेकी छन् ।

**२. अध्ययन र सङ्घर्ष :**

यसमा २०११ सालमा काठमाडौँमा आएपछि सात वर्षका समयावधिमा घटित घटना, परिस्थिति, अध्ययन, सम्पर्क लेखनजस्ता महत्त्वपूर्ण तथ्यहरूको सजीव चित्रण छ। काठमाडौँमा आएपछि उनले अध्ययन गर्ने अवसर पाउँछिन् । दाजुको आश्रितपनले घोच्छ तापनि त्यसलाई पचाउँछिन् । दाजुको भ्रष्ट र कृत्रिम प्रवृत्ति, जातिगत असमानता र काठमाडौँमा देखिने उच्चताभासले प्रकृतिको काखमा हुर्केकी पारिजातलाई प्रहार गरे पनि आफ्नो अध्ययनक्रम लाई अगाडि बढाउँछिन् । केही प्रसिद्ध पुस्तकहरूको अध्ययनले जीवनप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन मद्दत पुर्‍याउँछ । उनमा केही आत्मचेतना जाग्छ । चित्तरञ्जन नेपालीसँगको सम्पर्क र सहयोगले उनका दुईवटा कविता 'धरती' पत्रिकामा प्रकाशित हुन्छन् । अध्ययनकै क्रममा उनका व्यक्तिवादी प्रवृत्तिहरू छुट्दै जान्छन् । त्यसपछि विवाह नगर्ने अटोट लिएको, ठुलो दाजुमा पराश्रित हुनुपरेको, भाउजूको निगाहमा बाँच्नु परेको, चुलोको कामधन्दामा फुर्सद नभए पनि कलेज जानु, धन्दा गर्ने केटीसँग मतो मिलाई तरकारीको पैसाबाट नाफा निकाली चुरोट खर्च थाम्नु परेको, भोक लाग्दा खान नपाउनु, सारी जुत्ता फाट्दै जानु, अभावले अस्तित्वलाई गिज्याउनु, अध्ययन र लेख्ने धुनले आफ्नो ढाँचा लिनु आदि कुराहरूले पारिजातको जीवनप्रतिको चिन्तनलाई प्रभाव पार्दै जान्छ । उनको अध्ययन विस्तारित हुँदै जान्छ । प्रसिद्ध लेखकहरूका कृतिहरू पढ्दै जान्छिन् । दया सिंहसँग परिचय र मित्रता हुन्छ । यसै समयतिर दया सिंह र बहिनी सुकन्याको आग्रहमा 'सङ्घर्ष' नामक उपन्यास लेखेर प्रकाशक खोज्न थाल्छिन् । त्यसै समयमा 'वरपीपल, मानव, अन्तर्यामी, शारदा' नामक उपन्यासहरू लेखेको उल्लेख पाइन्छ । यसपछि उनको रोग झन् बढ्दै गएको, सुकन्याले नोकरी पाएपछि आश्रित जीवनदेखि मुक्ति पाए पनि अशान्ति र निराशा भने नहटेको, बी.ए. पढ्दाका समयमा विभिन्न दार्शनिक पुस्तकहरू पढेको, आँसुका कविताहरू लेख्ने बानी परेको र जीवनदेखि वाक्क भई भिक्षुणी हुने रहर जागेको कुरा लेखेकी छन् । यसै अवस्थामा उनले 'शिरीषको फूल' उपन्यास लेखेकी र यसै समयमा उनको नेपालका तत्कालीन साहित्यकार हरूसँग सम्पर्क बढ्दै गएको पाइन्छ ।

सङ्क्षेपमा 'अध्ययन र सङ्घर्ष' भित्र पारिजातको सात वर्षको जिन्दगानीका उतारचडावहरू छन् । दार्जिलिङको आफ्नो विगत जीवनमा आर्जित भित्री विषालु प्रवृत्तिलाई बाह्यीकरण गरी हेर्न सफल भएकी छन् । यहाँ आएपछि उनको सक्रियता र गतिशीलता पनि बढेको देखिन्छ ।

**३. चित्रमय सुरूवात :**

यो पारिजातको फुटकर संस्मरणहरूको सङ्कलन हो । यसमा उनका जीवनमा घटित घटनाहरू तिनले पारेको अन्तप्रभावका साथै वस्तुजगतप्रति उनको दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । यसमा १९ वटा फुटकर संस्मरण लेखहरू संलग्न गरिएका छन् । यसमा संस्मरण सम्बन्धी आफ्नो दृष्टिकोण पनि प्रकट गरेकी छन् । बामे सर्ने अवस्थामा आफूले झुसिल्किराको आधाभाग खाएको र आधा हातमा च्यापेको कुरा अरूको संस्मरणमा बाँचेको अनुभूतिहीन अनुभूतिलाई उल्लेख गर्दै १२-१४ वर्षदेखि नै भयानक झुसिल्कीरा चपाउनुजस्तो कष्टमय अनुभूतिहरूसँग जुधेको कुरालाई देखाएकी छन् ।

पहिलेदेखि कवितामा रुचि रहेको तर आफ्नो पहिलो कविता भित्ते पत्रिकामा अस्वीकृत भएको हुँदा कविताप्रति उदासीन हुन पुगेको, कथा लेख्दा जासुसी कथाजस्तो हुन पुगेको, कक्षा सातदेखि नेपाल र भारतका कविहरूका विभिन्न कविताहरू पढ्न पाएकोले कविता विधामा आकर्षण बढेको, भाषामा परिष्कार आएको, लेख्ने शैली आकर्षक हुन गएको, काठमाडौँ आएपछि त्यहाँको वातावरणले कविता लेखनतर्फ उत्प्रेरित गरेको र त्यसैका फलस्वरूप कविता लेखे पनि जीवनप्रतिको दृष्टिकोण त्यतिखेर नमाझिएको बताएकी छन् । उनका दुईवटा कविता 'धरती' पत्रिकामा प्रकाशित भएपछि कविता विधातर्फ सक्रियताका साथ लागेको उल्लेख गरेकी छन् । 'आक्रमण' नामक शीर्षकमा उनले आफ्नो तत्कालीन स्थिति स्पष्ट पारेकी छन् । 'गहिराइमा पस्नेहरूमा' साथीहरूको आत्मिक मित्रताको उल्लेख गरेकी छन् । 'मेरो देवताबोध' शीर्षकमा आफ्नी आमाको असामयिक निधनपछि बाबु नास्तिक र विसङ्गत बनेको, अन्य महिलाहरूको व्यवहारले आफूमा देवताप्रति विश्वास बढेको, आफ्नो घरमा देवता नहुनुको पीडाबोधले गाँजेको, बाबुको स्वीकृतिमा आफ्ना घरमा देवता स्थापना गरेको कुरा व्यक्त गरेकी छन् । 'विस्थापित देवता' र 'ईश्वरको चिहानमा' ईश्वरले आफ्नो घरको वातावरणमा सम्मान प्राप्त गर्न नसकेको हुँदा विस्थापित हुन पुगेको, ईश्वर हुनुको संस्कारबाट मुक्त भएको कुरा व्यक्त गरेकी छन् । 'रिस पोख्ने अनौठो माध्यम' मा पत्राचारमार्फत् रिस पोखिएको घटनालाई देखाएकी छन् 'मायालु मान्छेमा' पारसमणि अनुशासनप्रिय, स्नेही स्वभावका थिए भन्दै उनीसँग घटित घटनाको उल्लेख गरेकी छन् । 'मलाई एउटा स्वतन्त्र चराको रूप दिएर' मा आफ्नो जीवनको चरम पीडायुक्त अवस्थामा जीवनप्रतिको निरर्थकता अर्थहीनता र विसङ्गतिबोध भएको मानसिक स्थितिको चित्रण गरेकी छन् । 'पैसा मेरो आत्मस्वीकृति' मा आफ्नो स्वाभिमानलाई कहिल्यै पनि पैसाको तराजुमा तौलन नचाहेको, थैली भेट गर्न खोज्नेलाई फर्काएको, पैसाको अभाव भए पनि सद्भावना र सहयोग गर्नेहरूको अभाव नभएको, आत्मिक स्नेह गर्नेहरूको जीवनका घाउमा मलम लगाई मद्दत गरेको कुरा गरेकी छन् । 'पात्रहरूको गहिराइमा' सामाजिक यथार्थप्रति आफ्नो दृष्टि जान थालेको अनुभव गर्दै जाँदा कथाका पात्रहरू फेला पारेको जीवनको गहिराइतिर प्रवेश गरी जीवन्त पात्रहरू सिर्जना गर्न सक्ने आत्मगत यथार्थलाई देखाएकी छन् । 'चोर ढोका' मा साधारणभन्दा भिन्न रूपमा उभिएर कुनै पनि फाइदा लिन नचाहने उनको प्रवृत्ति र प्रकृति स्पष्ट रूपमा आएको छ । 'दस रूपैयाँ दाम' मा दस रूपैयाँ प्राप्तिका प्रसङ्गहरूको उल्लेख गर्दै आफूले एक पटक दस रूपियाँ स्वीकार गरेको उल्लेख गरेकी छन् । 'असन्तुलितहरू' मा मानसिक रूपले विक्षिप्त भएका व्यक्तिहरूसँगको भेटघाटलाई देखाएकी छन् । यसमा इच्छुमतीमा आफ्नो जीवनको एउटा स्वच्छन्द क्षणको वर्णन छ भने 'चाहनाहरू' मा बालक कालको एउटा घटना र पछि उपचारका क्रममा भएको पीडाबाट मर्ने चाहना जागेको कुरा देखाएकी छन् ।

---

## साताको सिर्जना

**कविता :**

### जेठा बा

• बबी थापा

*जेठा बा अब छाडिदिनोस्*
*उः जमानाका कुरा गर्न*
*म पैतालिसको हुँदा*
*तेरी जेठी आमा नौ वर्षकी थिई*
*निद्रामै सिन्दुर हालेर*
*मैले तेरी जेठी आमा*
*भित्र्याएको हुँ भन्न ।*

*माइली आमा अझै नभनौँ*
*मैले गोठालोमै जन्माएकी हुँ दुई सन्तान*
*मैले मझेरीमै बिताएको हुँ*
*सुत्केरी दिनहरू*
*बोकेकै हुँ जोर गाग्रीहरू*
*उकाली ओरालीहरूमा*
*दुई कोस परबाट*
*ढिकी र जाँतो*
*काँचिया र नाम्लो*
*मेरो मन मिल्ने साथी*
*झिसमिसेमै सक्काइसक्थ्यौँ*
*अघि घरधन्दाहरू ।*

*जेठा बा !*
*तपाइँले निद्रामै सिन्दुर हालेर*
*भित्र्याउनु भएकी*
*मेरी जेठी आमा आज हुनुहुन्न*
*सानै उमेरमा गर्भवती हुनु पर्दा*
*बर्सैपिच्छे सुत्केरी हुनुको पीडाले*
*मेरी जेठी आमाको ज्यान गएको त हो नि*
*जेठा बा, थाहै होला नि*
*प्रसव पीडाले छटपटाइरहँदा*
*तपाइँ घरको देवीदेवता भाक्दै हुनुहुन्थ्यो रे*
*धुपधुँवार गर्दै हुनुहुन्थ्यो रे*
*तर जेठी आमालाई*
*स्वास्थ्य संस्थामा पुर्‍याउनु नै भएन*
*सुरक्षित सुत्केरी गराउनु नै भएन*
*प्रसवकै कराण*
*मेरी जेठी आमाले धर्ती छाडनु भएको त हो ।*

*माइली आमा !*
*तपाइँले गोठालामै जन्माउनु भएका दुई सन्तान*
*कहाँ जीवित छन् र ?*
*मझेरीमै बिताएका सुत्केरी दिनहरूले*
*आज तपाइँको ढाड कम्मर दुख्ने भएको छ ।*

*ती घाँसका भारी र जोर गाग्रहीहरूले*
*अझै पीडा थपिदिएको छ*
*तपाइँको आङ खस्ने समस्या त्यसैको उपज त हो*
*माइली आमा !*
*तपाइँले पिँध्नु भएको जाँतोमा*
*मनभरिका रहर*
*तपाइँले कुट्नु भएकै हो ढिकीमा*
*कलकलाउँदा इच्छाहरू*
*तपाइँले काट्नु भएकै हो काँचियाले*
*भरभराउँलो उमेरका बैँसालु सपनाहरू*
*अनि बाँधेर नाम्लो र डोरीले*
*थन्काउनु भएकै हो*
*नारी मनका अनन्त चाहहरू*
*त्यसैले अब छाडिदिनोस्*
*उः जमानाको कुरा गर्न*
*त्यसैले माइली आमा अब छाडिदिनोस्*
*गोठालामै मैले दुई सन्तान जन्माएकी हुँ भन्न ।*

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक

२०८२ मंसिर २१ गते आइतबार
(7th Dec., Sunday 2025)

# पूरक बजेट कार्यान्वयन चुनौतीपूर्ण

मध्यस्थता

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको पूरक बजेट कार्यान्वयनको पाटोमा चुनौतीपूर्ण देखिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको मूल बजेटमा समावेश योजना बाहेक अतिरिक्त १ हजार ६ सय ७९ वटा योजना थपेर नयाँ पूरक बजेट पास गरेको थियो । तर, ती योजनाहरू अधिकांश शून्य रकम राखेर फरक किताबमा छुट्टै सूचीमार्फत प्रस्तुत गरिएकाले कार्यान्वयनमा जटिलता सिर्जना भएको हो । यसका कारण राजनीतिक तथा प्रशासनिक तहमा निरन्तर बहस चलिरहेको छ भने योजना कार्यान्वयनमा ढिलाइ र स्रोत व्यवस्थापनको समस्या देखा परेको छ ।

प्रदेश सरकारले पूरक बजेट मार्फत ल्याएका १ हजार ६ सय ७९ योजना ठेक्का प्रक्रियामार्फत स्रोत व्यवस्थापन गर्ने, १० लाख रुपैयाँ माथिका योजना ठेक्का लगाएर कार्यान्वयन गर्ने योजना बनाएपनि हाल स्रोत अभाव, प्राविधिक कठिनाइ र बजेट विनियोजन नहुने समस्याका कारण ती योजनाहरू अघि बढाउन कठिनाइ देखिएको छ । पूरक बजेटका माध्यमबाट ल्याइएका योजनाहरू राजनीतिक प्राथमिकता अनुसार थपिएका भए पनि यसको वास्तविक कार्यान्वयनको अवस्था चुनौतीपूर्ण रहेको आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बताए ।

प्रदेश सरकारका अनुसार अघिल्लो सरकारले ल्याएको बजेटले वर्तमान सत्ता साझेदार दलहरूको नीति तथा कार्यक्रमलाई पूर्णरूपमा समेट्न सकेको थिएन । त्यसैले छुटेका योजना पूरक बजेटमा समावेश गरिएको हो । विशेषगरी भौतिक पूर्वाधार, कृषि र रोजगारी सम्बन्धी नयाँ कार्यक्रम थप्न मुख्य बजेट पर्याप्त नभएकोले पूरक बजेटको सहारा लिनुपर्ने आवश्यकता देखिएको थियो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन अनुसार विनियोजित रकम अपुग भएमा वा आकस्मिक खर्च आवश्यक भएमा मात्र पूरक अनुमान पेश गर्न सकिने प्रावधान रहेको छ । तर, राजनीतिक स्वार्थ र दलगत दबावका कारण पूरक बजेटमा थपिएका योजनाहरू कार्यान्वयनमा चुनौतीपूर्ण देखिएका छन् ।

आर्थिक वर्षको दोस्रो त्रैमासिक सकिन लाग्दा नयाँ बजेटले ठेक्का प्रक्रिया र कार्यान्वयनका लागि पर्याप्त समय पाउने अवस्था छैन । बजेट सूचना प्रणालीमा पनि ती योजनाहरू समावेश हुन सकेको छैन । शून्य बजेट योजनालाई सरकारी सफ्टवेयरमा प्रविष्ट गर्न नसकिने, रकम तोक्न नसकिने र स्रोत व्यवस्थापनमा कठिनाइ हुने अवस्था देखिएको छ । प्रदेशको आन्तरिक राजस्व संकलनको लक्ष्य कमजोर रहेको समयमा नयाँ स्रोत जुटाएर यी योजनाहरू कार्यान्वयन गर्न सम्भावना न्यून देखिन्छ ।

यसैबीच, प्रमुख प्रतिपक्षी दलहरू नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले पनि पूरक बजेटका योजना हरू कार्यान्वयन गर्न दबाब दिइरहेका छन् । गत साता मात्र प्रतिपक्षी दलहरूले सरकारलाई लिखित रूपमा ध्यानाकर्षण गराएका थिए । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले पूरक बजेटका १ हजार ६ सय ७९ योजनाहरू कार्यान्वयनका लागि स्रोत र प्राविधिक चुनौती रहेको स्पष्ट पारेका छन् । मन्त्री तामाङका अनुसार ती योजनाहरूमा बजेट विनियोजन नभएको, केवल शीर्षक मात्र राखिएको हुँदा सरकारी सफ्टवेयरमा प्रविष्ट गर्न सकिने अवस्था छैन । यसले गर्दा कार्यान्वयन सम्भावना न्यून रहेको छ । मन्त्रालयले बनाउँदै गरेको बजेट मस्यौदामा स्पष्ट मापदण्ड राख्ने र मात्र सम्भाव्य योजना बजेटमा समावेश गर्ने प्रयास भइरहेको मन्त्री तामाङले जानकारी दिए ।

मन्त्री तामाङले भने, '१० लाख रुपैयाँ बराबरका १ हजार ६ सय योजनाहरू कार्यान्वयन गर्दा करिब २ अर्ब खर्च हुन्छ । तर यसबाट ठोस प्रतिफल आउँदैन । सरकारी कोषको खर्च प्रतिफलमुखी हुनुपर्छ भन्ने हाम्रो धारणा हो । राजनीतिक सम्झौताका रूपमा ती योजना आएका भए पनि प्राविधिक र आर्थिक दृष्टिले कार्यान्वयन योग्य छैनन् । हामी नतिजामुखी काम गर्न प्रतिबद्ध छौं ।' उनका अनुसार वर्तमान अवस्थामा २२ हजार योजना अगाडि नै सञ्चालनमा छन्, त्यसमा १ हजार ६ सय ७९ योजना थप्दा योजना संख्या २४ हजार पुग्नेछ । सरकारले अब ठूला र प्रतिफलमुखी आयोजनामा ध्यान केन्द्रित गर्ने रणनीति बनाउँदै साना, टुक्रे र १० लाख रुपैयाँ बराबरका योजनाहरू कार्यान्वयन नगर्ने निर्णय गरेको छ ।

सरकारले आगामी वर्षका लागि नयाँ बजेट तर्जुमा निर्देशिका तयार गर्दै स्पष्ट मापदण्डसहित मात्र बजेट विनियोजन गर्ने तयारी गरिरहेको छ । 'आयोजना बैंक' प्रभावकारी बनाइने, सम्भाव्यता अध्ययन र वातावरणीय मूल्यांकन सकिएका योजनाहरूलाई मात्र बजेटमा समावेश गर्ने परिपाटी बसाल्ने योजना रहेको मन्त्री तामाङले बताए ।

# प्रहरीसँग विद्यार्थीको एक दिन

मध्यस्थता

मकवानपुर प्रहरीले समुदाय र प्रहरीबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यसहित हेटौंडा उपमहानगरपालिका-४ मा रहेको ब्रह्मदिक एकेडमीका विद्यार्थीसँग अन्तरक्रिया गरेको छ ।

'समुदाय-प्रहरी साझेदारी कार्यक्रम' अन्तर्गत कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी प्रहरीसँग एक दिने कार्यक्रम गरिएको हो । विद्यार्थीलाई प्रहरीको कार्यप्रणाली, जिम्मेवारी र समाजमा प्रहरीको भूमिकाबारे नजिकबाट बुझाउने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको मकवानपुर प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले विद्यार्थीहरूलाई प्रशिक्षण दिँदै प्रहरीले दैनिक रूपमा गर्ने काम, शान्ति-सुरक्षा कायम राख्न अपनाइने विधि, अपराध नियन्त्रण तथा अनुसन्धानका प्रक्रिया र नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरीले खेल्ने भूमिकाबारे विस्तृत रूपमा जानकारी गराए । उनले पछिल्लो समय प्रविधिको विकाससँगै बढ्दै गएको साइबर अपराध, अनलाइन ठगी, सामाजिक सञ्जालको दुरुपयोग जस्ता जोखिमका विषयमा विद्यार्थी लाई सचेत गराउँदै त्यसबाट जोगिने उपायहरूबारे पनि स्पष्ट पारे ।

प्रहरी नायब उपरीक्षक बोगटीले कानुनको पालना, अनुशासन र नागरिकको सहकार्य बिना समाजमा शान्ति र सुरक्षा सम्भव नहुने उल्लेख गर्दै विद्यार्थीलाई जिम्मेवार नागरिक बन्न आग्रह गरे । उनले प्रहरी र समुदायबीचको विश्वास र सहकार्य बलियो भएमा अपराध नियन्त्रण सहज हुने बताए । साथै, किशोर अवस्थामा नै कानुनी ज्ञान र सुरक्षा सचेतना हासिल गर्नु भविष्यका लागि अत्यन्त महत्वपूर्ण हुने धारणा राखे ।

कार्यक्रमलाई थप प्रभावकारी बनाउन विद्यार्थीलाई जिल्ला प्रहरी कार्यालयअन्तर्गतका विभिन्न शाखा हरूको अवलोकनसमेत गराइएको थियो । अवलोकनका क्रममा विद्यार्थी हरूले प्रशासन, अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, अभिलेख तथा अन्य शाखाहरूको कामकारबाहीबारे प्रत्यक्ष जानकारी लिएका थिए । यसले विद्यार्थीलाई प्रहरीको दैनिक गतिविधि र कार्यशैलीलाई नजिकबाट बुझ्ने अवसर प्रदान गरेको प्रहरी कार्यालयले जनाएको छ ।

# खिर्कीमा शौचालय बनाइँदै

मध्यस्थता

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ३ खिर्कीमा तामाङ र सिमान्तकृत चेपाङ समुदायको बसोबास रहेको बीस घरधुरीलाई लक्षित गर्दै शौचालय निर्माण कार्य सुरु हुने भएको छ । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले लाभग्राहीलाई शौचालय प्यान हस्तान्तरण गर्दै निर्माण कार्य समय सीमाभित्र सम्पन्न गर्न आग्रह गरेका छन् । उनले खाल्डो खन्न सकिएको अवस्थामा अब २५ दिन भित्र निर्माण पूरा गर्नुपर्ने स्पष्ट निर्देशन दिए ।

राज्यले लागू गरेको एक घर-एक धारा अवधारणाअनुसार प्रत्येक घरमा शौचालय र सरसफाईको उचित व्यवस्था हुनुपर्ने उनले बताए । जथाभावी दिशापिसाबले विभिन्न रोग र पानीजन्य संक्रमण फैलाउने भएकाले शौचालयमा मात्र उपयोग गर्नुपर्ने उनको भनाइ छ ।

स्थानीयवासीमा सुरक्षित तथा व्यवस्थित शौचालय निर्माण हुने भन्ने समाचारले उत्साह र खुसी छाएको छ । मुक्तानले भने,'गाउँपालिकाले शौचालय निर्माणसँगै छिट्टै सुरक्षित खानेपानीको सुनिश्चितताका लागि पनि काम थाल्ने योजना बनाएको छ । शौचालय निर्माण कार्यको गुणस्तरीयता र समयसीमा पालना गर्न लाभग्राही र निर्माण टोली दुवैलाई स्पष्ट निर्देशन दिइएको छ ।'

बाल विकास कार्यक्रम नेपालले २० घरधुरीका लागि निर्माणका सबै आवश्यक सामग्री उपलब्ध गराएको छ । संस्थाले सिमेन्ट, रड, प्यान, जस्तापाता लगायत अन्य सम्पूर्ण सामाग्री हस्तान्तरण गरेको छ । यस अघि पनि संस्थाले वडा कार्यालय हरू र स्थानीय विद्यालयका लागि सरसफाईसम्बन्धी सामाग्री उपलब्ध गराउँदै आएका थिए ।

हस्तान्तरण कार्यक्रममा संस्थाका अध्यक्ष बालकृष्ण भट्टराईसहित अन्य प्रतिनिधिहरूको पनि उपस्थिती थियो । अध्यक्ष भट्टराईले लाभग्राहीसँग गरिएको सम्झौता अनुसार २५ दिनभित्र निर्माण पूरा गर्नुपर्ने नियम भएको बताए ।

# इन्द्रायणी जात्राको रौनक

मध्यस्थता

मकवानपुरको थाहा नगरमा तीन वर्षे इन्द्रायणी जात्रा मनाइएको छ । जात्राको अवसरमा थाहा नगर पालिकाले शुक्रबार नगरभर सार्वजनिक बिदा दिएको थियो । नगर कार्यपालिकाको कात्तिक ३० गते बसेको बैठकले तीनदिने जात्रा मध्ये दोस्रो दिन सार्वजनिक बिदा दिने निर्णय गरेको हो । नगरपालिकाका प्रवक्ता हिरेन्द्रकुमार रायमाझीका अनुसार जात्राको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई मध्यनजर गर्दै स्थानीय जनताको सहभागिता सहज बनाउन बिदा दिने निर्णय गरिएको हो ।

यस वर्ष इन्द्रायणी जात्राका क्रममा बिहीबार संघीय सरकारले उधौली पर्वको अवसरमा सार्वजनिक बिदा दिएको हो भने जात्राको अर्को दिन २० गते शनिबार परेकाले थाहा नगरपालिकावासीले लगातार तीन दिन बिदा मनाउन पाएका हुन् । यसले स्थानीय बासिन्दालाई जात्रामा खुलेर सहभागी हुने अवसर मिलेको छ भने बाहिरी जिल्लाबाट आउने दर्शनार्थी र पाहुनालाई पनि



सहज भएको छ ।

करिब तीन सय पचास वर्षदेखि थाहा नगरपालिकाको इन्द्रायणी चौरमा निरन्तर रूपमा इन्द्रायणी जात्रा तथा मेला लाग्दै आएको छ । साबिकको दामन र पालुङ गाउँ विकास समितिको क्षेत्रमा लाग्ने मेलामध्ये इन्द्रायणी जात्रा सबैभन्दा पुरानो र ऐतिहासिक मानिन्छ । यो जात्रा धार्मिक मात्र नभई सामाजिक र सांस्कृतिक पहिचानसँग गहिरो रूपमा जोडिएको छ । विशेषगरी नेवार र देउला समुदायको सांस्कृतिक जीवनशैलीसँग प्रत्यक्ष सम्बन्ध राख्ने यो जात्रा पुस्तौंदेखि निरन्तर रूपमा मनाइँदै आएको छ ।

इन्द्रायणी भगवती कालाभैरव गुठी संरक्षण समितिका अध्यक्ष श्याम भक्त श्रेष्ठका अनुसार तान्त्रिक विधि विधान अनुसार मनाइने तीनवर्षे इन्द्रायणी जात्रालाई विशेष महत्वका साथ लिइन्छ । जात्रालाई भव्य रूपमा सफल बनाउँन गुठी, स्थानीय समुदाय र नगरपालिकाले समन्वय गर्दै आएका छन् । यो जात्रा केवल धार्मिक कर्मकाण्ड मात्र नभई समुदायबीचको एकता, सहकार्य र सांस्कृतिक निरन्तरताको प्रतीक पनि भएको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

जात्राको महत्वपूर्ण परम्परा अनुसार पालुङ देउला गाउँ अर्थात् इन्द्रायणी बस्तीबाट खाली रथ पालुङ लगिएको थियो । तीनवर्षे जात्राको सुरुआत हुनु चार दिनअघि, मंसिर शुक्ल द्वादशीका दिन खाली रथ देउला टोलाबाट नेवार बस्ती पालुङमा ल्याउने चलन रहिआएको छ । यो रथ ल्याउने क्रममा विशेष परम्परा पालना गरिन्छ, जसअनुसार पालुङबाट नेवार समुदायका व्यक्ति हरू देउला बस्तीमा गई रथ बोकेर ल्याउँछन् । यस प्रक्रियाले नेवार र देउला समुदायबीचको ऐतिहासिक सम्बन्ध र आपसी सम्मानलाई झल्काउने विश्वास गरिएको छ ।

स्थानीय बासिन्दाका अनुसार इन्द्रायणी जात्राको अवसरमा थाहा नगरपालिकामा धार्मिक अनुष्ठान, पूजा, मेला र सांस्कृतिक गतिविधिले विशेष रौनक छाउने गर्छ । टाढा टाढाबाट भक्तजन तथा दर्शकहरू इन्द्रायणी चौरमा भेला भई जात्राको अवलोकन गर्ने र देवीप्रति श्रद्धा प्रकट गर्ने चलन छ । नगर पालिकाले दिएको सार्वजनिक बिदाले जात्रालाई थप भव्य बनाउन अपेक्षा गरिएको छ भने स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समेत यसले सकारात्मक भूमिका खेल्ने विश्वास गरिएको छ ।

### 'आशाको दीप' बनेकी...

दुईजना युवतीहरू उनको पार्लरमा बेसिक तालिम लिइरहेका छन् । अरूलाई सिकाउँदा उनलाई छुट्टै सन्तुष्टि मिल्छ ।

आफ्नो संघर्षबाट सिकेको पाठ अरू महिलासँग बाँड्न शान्ति कहिल्यै पछि पर्दिनन् । उनी भन्छिन्, 'महिला बिनासित्ति घरभित्र थुनिएर बस्नु हुँदैन । रुचि भएको क्षेत्रमा सीप सिक्नुपर्छ, समयको सदुपयोग गर्नुपर्छ ।' धेरै महिला केवल समय बिताउन वा विदेश जाने सोचमा मात्र तालिम लिने गरेको उनी बताउँछिन् । तर सीपमूलक तालिमलाई गम्भीरतापूर्वक लिए जीवनको दिशा बदल्न सकिनेमा उनको दृढ विश्वास छ ।

शान्तिको अनुभवले एउटा स्पष्ट सन्देश दिन्छ- देशमै सम्भावना छ, तर त्यसका लागि इच्छाशक्ति र सीप चाहिन्छ । 'हामी विदेश जान लाखौं खर्च गर्न पछि पर्दैनौं, तर सीप सिक्न लगानी गर्न हिच्किचाउँछौं ।' उनी भन्छिन्, 'तर हातमा सीप भएपछि देश-विदेश जहाँ गए पनि काम लाग्छ ।'

सानो लगानी, ठूलो आत्मबल र गहिरो विश्वासका साथ आत्मनिर्भर जीवन निर्माण गर्न सकिने शान्तिको कथा आज धेरै महिला र युवतीहरूका लागि प्रेरणाको स्रोत बनेको छ । सानो सुरुवातले पनि ठूलो परिणाम दिन सक्छ भन्ने जीवन्त उदाहरण हुन् उनी । सीप, संघर्ष र विश्वासलाई अँगालेर शान्ति आज उज्यालो भविष्यको मार्गरेखा कोर्दै अरूका लागि पनि आशाको दीप बनेकी छन् ।

# कमजोर स्लाबले ट्रक उत्तानो

मध्यस्थता

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३ टुटेपानीमा इट्टा बोकेको ट्रक दुर्घटनामा परेको छ । पदमपोखरीबाट टुटेपानीतर्फ जाँदै गरेको लु २ ख ६४९९ नम्बर को १२ चक्के ट्रक सडकमा हालेको स्ल्याब कमजोर भएकै कारण भाँचिँदा ट्रक अनियन्त्रित भई सडकछेउमा पल्टिएको हो ।

दुर्घटनामा परी ट्रक चालक बारा, सिम्रनगढ नगरपालिका-८ बस्ने करिब २५ वर्षीय अकलेश कुमार साह दाहिने हात र पिठ्युँमा सामान्य चोट लागेको प्रहरीको भनाइ छ । दुर्घटनाग्रस्त स्थल प्रहरी चौकी पदमपोखरीबाट करिब २ किलोमिटर पूर्व-दक्षिणतर्फ छ ।



मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक



# दैनिक सात घण्टा कान्तिलोकपथ सडक खण्ड बन्द

मध्यस्थता

कान्तिलोकपथमा सडक विस्तार र पहिरो पन्छाउने कार्यका कारण शनिबारदेखि दैनिक सात घण्टा सवारी साधनको आवागमन पूर्णरूपमा बन्द गरिएको छ । कान्ति राजमार्ग सडक आयोजना एकान्तकुनाद्वारा जारी सूचनाअनुसार मंसिर २० गतेदेखि लागू हुने गरी प्रत्येक दिन बिहान ११ बजेदेखि अपराह्न ५ बजेसम्म लोकपथमा सवारी साधन चलाउन रोक लगाइएको हो । आयोजना कार्यालयले सडक सुरक्षालाई ध्यानमा राख्दै उक्त समयावधिमा सवारी सञ्चालन बन्द गर्नुपरेको जनाएको छ ।



सूचनामा जनाइए अनुसार कान्ति लोकपथका विभिन्न खण्डमा सडक चौडा गर्ने काम तीव्र गतिमा अगाडि बढाइँदै छ भने वर्षायामका बेला गएको पहिरो हटाउने काम पनि सँगसँगै भइरहेको छ । सडक कटिङ गर्नुपर्ने र जोखिमयुक्त स्थानमा पहिरो पन्छाउनुपर्ने भएकाले सवारी साधन चलिरहँदा दुर्घटनाको सम्भावना उच्च हुने भन्दै आयोजना कार्यालयले आंशिक समयका लागि सडक बन्द गर्ने निर्णय गरेको हो । यस क्रममा सडकमा भारी मेसिनरी उपकरण प्रयोग गरिने भएकाले यात्रु तथा चालकको सुरक्षाका लागि आवागमन रोक लगाउनु आवश्यक भएको आयोजना कार्यालयको भनाइ छ ।

कान्ति राजमार्ग सडक आयोजना एकान्तकुनाले मंगलबार सार्वजनिक गरेको सूचनामा मंसिर २० गतेदेखि लगातार ६० दिनसम्म दैनिक सात घण्टा लोकपथमा सवारी साधन सञ्चालन नहुने स्पष्ट उल्लेख गरिएको छ । यस अवधिमा बिहान ११ बजेअघि र अपराह्न ५ बजेपछिमात्र सवारी साधन चल्न सक्नेछन् । आयोजनाले यात्रु तथा सवारी चालक लाई वैकल्पिक समय व्यवस्थापन गर्न र आवश्यक परे वैकल्पिक मार्गको प्रयोग गर्न समेत आग्रह गरेको छ ।

गत वर्षायाममा कान्ति लोकपथको विभिन्न स्थानमा व्यापक पहिरो गए पछि सडक संरचना कमजोर बनेको थियो । लगातारको वर्षाका कारण सडक भासिने, पहिरो झर्ने र सवारी आवागमनमा पटक–पटक अवरोध सिर्जना हुने अवस्था देखिएपछि स्थायी समाधानका लागि सडक चौडाइ र पहिरो नियन्त्रणको काम अघि बढाइएको हो । आयोजना कार्यालयका अनुसार अहिले भइरहेको काम सम्पन्न भएपछि लोकपथमा सवारी सञ्चालन थप सुरक्षित, सहज र दिगो हुने अपेक्षा गरिएको छ ।

सडक बन्दका कारण कान्ति लोकपथ प्रयोग गरी यात्रा गर्ने यात्रु, स्थानीय बासिन्दा तथा व्यवसायीहरू प्रभावित हुने भए पनि दीर्घकालीन सुरक्षालाई ध्यानमा राख्दै अस्थायी असुविधा सहन सहयोग गर्न आयोजना कार्यालयले सबैसँग अनुरोध गरेको छ । आयोजनाले तोकिएको समय भित्र काम सम्पन्न गर्ने प्रतिबद्धता जनाउँदै आवश्यक सूचना समयमै सार्वजनिक गरिने पनि जनाएको छ ।

# समाजवादी जेनजी फोर्समा गोले

मध्यस्थता

मकवानपुरमा समाजवादी जेनजी फोर्स गठन भएको छ । यो फोर्सले सामाजिक न्याय, जेन्जी आन्दोलनका उपलब्धि संरक्षण र राज्य व्यवस्थालाई सकारात्मक दिशानिर्देश दिने कार्यमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

हेटौँडामा भएको भेलाले सूर्य बहादुर गोलेको संयोजकत्वमा पन्ध्र सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको हो । संयोजक गोलेका अनुसार यो संगठनले जेनजी आन्दोलनका बलिदानीहरूलाई स्मरण गर्ने र राज्यको षड्यन्त्रपूर्ण चरित्रविरुद्ध सचेत रहन मार्गनिर्देशन गर्ने उद्देश्य राखेको छ । जेनजी आन्दोलनमा सहभागी भएका हरूमाथि हुने अत्याचार, जेल, यातना र गोली हानिएका घटनाहरूलाई राज्यले अनुसन्धान गरेर न्याय दिन नसक्नु लज्जास्पद भएको छ । जेन्जी आन्दोलनको क्रममा भएका गम्भीर घटनाको छानबिनका लागि बनाइएको आयोगले जेन्जीका हत्यारा, राज्यका संवेदनशील निकायमाथि आक्रमण गर्ने देशद्रोही वा लुटेराहरूलाई कानुनी कठघरामा ल्याउन नसकेको तर सामान्य मुदामा जेल परेका जेन्जी र समर्थकलाई कारवाही गर्ने नीति अस्वीकार्य रहेको उनले बताए ।

गोलेले बागमती प्रदेशको राजधानी हेटौँडामा रहेको महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको दायाँबायाँ २५–२५ गज सडक विस्तार अभियानलाई समाजवादी जेनजी फोर्सको पूर्ण समर्थन रहेको बताए । सडक सिमाभित्रका घरटहरा हटाउँदा कुनै घरधनी वा व्यवसायी सडकमा आउँछ र सुकुम्बासी भएमा सम्बन्धित निकायले उनको उचित व्यवस्थापन गर्नुपर्ने उनले जोड दिए ।

## *जनताको नवीन आकांक्षा*

*हेरेका छन् । शिक्षित, निष्ठावान, जनतासँग नजिक, स्पष्ट योजनासहितका अनुहारहरूको खोजी अब कार्यकर्तामात्र होइन, आम मतदाता पनि गर्न थालेका छन् । पुराना दलहरू र उनीहरूका शीर्ष नेतृत्वले यस परिवर्तनशील जनमतलाई बुझ्न सकेनन् भने, त्यो उनीहरूको विफलता हुनेछ । देशको आर्थिक अवस्था, बेरोजगारी, शिक्षा, स्वास्थ्य लगायतका गम्भीर समस्याहरूले जनतालाई सजग बनाइसकेको छ । केवल नारा र सपना होइन, अब जनता कार्य र इमानदारी खोजिरहेका छन् ।*

*राजनीतिक दलको मेरुदण्ड कार्यकर्ता हुन् । तर जब कार्यकर्ताको भावना र सुझावको अवमूल्यन गरिन्छ, त्यही कार्यकर्ता नै विकल्पको खोजीमा लाग्न सक्छ । अहिले देशका धेरै ठाउँमा यही प्रक्रिया दोहोरिइरहेको छ । पार्टीका आन्तरिक लोकतन्त्र कमजोर हुँदा टिकट वितरण निजी सम्बन्ध, शक्ति र पहुँचको आधारमा हुँदैछ । यसले पार्टीभित्र असन्तोष चुलिन्छ, र चुनावी परिणाममा नकारात्मक असर पार्छ । अब नेतृत्वले बुझ्नुपर्ने बेला आएको छ–जनता र कार्यकर्ता दुबै निराश छन् । एकपटक पाएको जिम्मेवारी ईमानदारपूर्वक निर्वाह नगर्नेहरूलाई पुनः जिम्मा दिने गल्ती अब जनताले गर्न नचाहने संकेत दिइरहेका छन् ।*

# बालजागृतिको राष्ट्रिय स्क्राबल

मध्यस्थता

बालजागृती इङ्लिस सेकेण्डरी स्कुल, हेटौँडाको आयोजनामा हेटौँडामा ११ औं राष्ट्रिय स्क्राबल प्रतियोगिता गरिएको छ । बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री उर्मिला केसीले प्रतियोगिताको औपचारिक उद्घाटन गरिन् ।



मन्त्री केसीले यस्ता बौद्धिक खेलकुद प्रतियोगिताले बाल बालिकाको बौद्धिक क्षमता, शब्द ज्ञान, निर्णय क्षमता र आत्मविश्वास विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताइन् । उनले पाठ्यपुस्तकको अध्ययनसँगै यस्ता सिर्जनात्मक र प्रतिस्पर्धात्मक गतिविधिमा विद्यार्थीको सहभागिता बढाउन आवश्यक रहेको उल्लेख गर्दै बाल बालिकालाई प्रतिभा प्रदर्शन गर्ने मञ्च उपलब्ध गराउनु सबैको साझा दायित्व भएको धारणा व्यक्त गरिन् ।

दुई दिनसम्म चल्ने प्रतियोगितामा देशका विभिन्न जिल्लाबाट आएका करिब एक सय जना प्रतियोगीबीच प्रतिस्पर्धा भयो । प्रतियोगितामा विद्यालय तहका विद्यार्थीहरूले आफ्नो शब्द संरचना, रणनीति र मानसिक चातुर्य प्रस्तुत गर्दै प्रतिस्पर्धा गरे ।

बालजागृती इङ्लिस सेकेण्डरी स्कुल व्यवस्थापन समितिका अध्यक्ष दिनेश भण्डारीको अध्यक्षतामा भएको उद्घाटनमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौँडा स्कुल अफ म्यानेजमेन्टका प्रमुख पुरन बहादुर जोशी लगायत शिक्षा, खेलकुद र सामाजिक क्षेत्रका विभिन्न व्यक्तित्वहरूको आतिथ्यता थियो ।

सहभागीलाई स्वागत गर्दै विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले स्क्राबल खेलको उद्देश्य, महत्व र प्रतियोगितामार्फत विद्यार्थीमा सिर्जनशीलता, अनुशासन र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने लक्ष्यबारे प्रष्ट पारे । उनले दुई दिने प्रतियोगिता सञ्चालन गर्न करिब १३ लाख रूपैयाँ खर्च लागेको जानकारी पनि दिए । सुवेदीका अनुसार प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई नगद पुरस्कारसँगै शिल्ड र प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा प्रथम हुने प्रतियोगीले १५ हजार रूपैयाँ नगद, शिल्ड र प्रमाणपत्र प्राप्त गरे । दोस्रो स्थान हासिल गर्नेले १३ हजार रूपैयाँ नगदसहित शिल्ड र प्रमाणपत्र पाए भने भने तेस्रो हुने प्रतियोगीलाई ११ हजार रूपैयाँ नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरियो । यस्तै, चौथो, पाँचौं, छैटौं र सातौं स्थान हासिल गर्ने प्रतियोगीलाई क्रमशः ९ हजार, ७ हजार, ५ हजार र ३ हजार रूपैयाँ नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकको भनाई छ ।

राष्ट्रियस्तरको यस स्क्राबल प्रतियोगितामा मकवानपुर, चितवन, काठमाडौं, भक्तपुर, गोरखा, स्याङ्जा, रूपन्देही, गुल्मी, सुर्खेत, सुनसरी, बारा, अर्घाखाँची, कैलालीलगायत २५ भन्दा बढी जिल्लाबाट एक सयभन्दा बढी विद्यार्थीको सहभागिता थियो । प्रतियोगिताले हेटौँडालाई बौद्धिक खेलकुदको केन्द्रका रूपमा चिनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ भने विद्यार्थीहरूबीच आपसी सिकाइ, अनुभव साटासाट र राष्ट्रिय स्तरको प्रतिस्पर्धाको अनुभूति दिलाउने विश्वास लिइएको छ ।

## *कसले बुझ्छ मानव...*

बढाउनु अत्यन्त महत्त्वपूर्ण छ ।

### *निष्कर्ष*

हिमालय आज जलवायु परिवर्तनको गहिरो र प्रत्यक्ष प्रभावमा परेको छ । यहाँ तापक्रम वृद्धिमात्र होइन, असामान्य चिसोपन, अनियमित वर्षा र बारम्बार देखिने चरम मौसमीय घटनाले पारिस्थितिक तथा सामाजिक सन्तुलनलाई चुनौती दिइरहेका छन् । यो संकट समयमै सम्बोधन गरिएन भने यसको असरले हिमाली क्षेत्रमा सीमित नरही सम्पूर्ण दक्षिण एसियाको पानी, खाद्य सुरक्षा, ऊर्जा र जीविकोपार्जनमा गम्भीर जोखिम निम्त्याउनेछ । हिमालयको संरक्षण भनेको हिमालमात्र जोगाउनु होइन । यस क्षेत्रको मानव जीवन, जैविक विविधता र भावी पुस्ताको भविष्य सुरक्षित गर्ने साझा जिम्मेवारी हो । यसका लागि जलवायु परिवर्तनसँग सहअस्तित्व कायम गर्दै दिगो मार्ग रोज्नु अनिवार्य छ । (बाह्रखरी)

# विद्यार्थीलाई बकैया जेसीजको सहायता

मध्यस्थता

मकवानपुरको बकैयास्थित बकैया जेसीजले जेसीज सप्ताहको अवसर पारेर एकैदिन बकैया गाउँपालिकाभित्र रहेका तीनवटा विद्यालयमा न्यानो कपडा, शैक्षिक सामग्री तथा स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरेको छ । सामाजिक उत्तर दायित्व र मानवीय सेवाको उद्देश्य सहित सञ्चालन गरिएको यस कार्यक्रम अन्तर्गत बकैया गाउँपालिका वडा नम्बर–४ रातोथली स्थित सिर्जना आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको कार्यक्रम संयोजक तथा बकैया जेसीजका उपाध्यक्ष सुनील भोम्जनले जानकारी दिए ।

सिर्जना आधारभूत विद्यालयमा आयोजित न्यानो कपडा वितरण कार्यक्रम विद्यालयकी निवर्तमान प्रधानाध्यापक ज्योति पुडासैनीको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा चुरियामाई मल्टी प्रोचेज प्रालिका प्रोपाइटर सुवास अधिकारीको विशिष्ट आतिथ्यता थियो । विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष जमानसिंह भोलन, बकैया जेसीसका पूर्वअध्यक्षहरू सुशील घिमिरे र रमेश फुँयाल, स्थानीय बुद्धिजीवी, अभिभावक तथा जेसीस सदस्यहरूको कार्यक्रममा उपस्थिती थियो ।

प्रमुख अतिथि पुडासैनीले सामाजिक संस्थामार्फत गरिने यस्ता सहयोगात्मक गतिविधिले विद्यार्थीहरूमा अध्ययनप्रतिको उत्साह र आत्मविश्वास बढ्ने बताइन् । उनले विद्यालयमा अध्ययनरत विपन्न तथा आवश्यकतामा रहेका विद्यार्थीका लागि न्यानो कपडा वितरणजस्ता कार्यक्रम अत्यन्तै उपयोगी हुने उल्लेख गर्दै बकैया जेसीसको प्रशंसा गरिन् ।

यस्तै, बकैया गाउँपालिका वडा नम्बर–६ झोलखानीस्थित जन स्थापितरत्न आधारभूत विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई पनि शैक्षिक सामग्री वितरण गरेको छ । शैक्षिक सामग्री वितरण कार्यक्रममार्फत विद्यार्थीहरूलाई अध्ययनमा निरन्तरता दिन प्रेरणा मिल्ने अपेक्षा गरिएको बकैया जेसीसले जनाएको छ ।

बकैया गाउँपालिका वडा नम्बर –७ हर्दास्थित माटोकोरी आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थी हरूको रक्तसमूह परीक्षणसमेत गरिएको छ । स्वास्थ्य सचेतनासँगै विद्यार्थीको आधारभूत स्वास्थ्य विवरण संकलन गर्न यो कार्यक्रम महत्वपूर्ण हुने जनाइएको छ ।

शैक्षिक सामग्री वितरण कार्यक्रमका लागि बासुदेव न्यौपानेले आर्थिक तथा सामग्रीगत सहयोग गरेको जेसीजले जनाएको छ ।

## *अन्ततः सडक विस्तार...*

राष्ट्रिय राजमार्गको सडक सीमा विस्तार कार्य पुनः अन्यौलमा पर्ने चिन्ता पनि छ ।

हेटौँडाको सडक विस्तारका सवालमा जब  कार्य अगाडि बढ्छ तब अदालतको आदेशका कारण रोकिँदै आएको छ । सडक सीमाभित्रका घर धनीहरूले दायर गरेका विभिन्न रिटका कारण यसअघि पनि पटक–पटक सर्वोच्च अदालतको आदेशले सडक विस्तार कार्य प्रभावित हुँदै आएको छ । सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीका अनुसार २०७३ सालदेखि सर्वोच्च अदालत र उच्च अदालत पाटनमा दायर गरिएका रिटहरूको अन्तिम फैसला प्राप्त नहुँदासम्म सडक सीमा खाली गराउन नसकिएको अवस्था छ ।

हेटौँडाको सडक विस्तार कार्य १७ असार २०७३ मा पहिलो पटक सूचना निकालेर सडक सीमा अतिक्रमण हटाउने प्रक्रिया थालनी गरिएको भए पनि सर्वोच्च अदालतबाट स्थगन आदेश प्राप्त भएपछि रोकिदै आएको थियो । यसक्रममा १० असार २०८० मा पुनः सूचना प्रकाशित गरिएको थियो तर १४ जना सरोकारवालाबाट उत्प्रेषणसमेतको आदेश माग गर्दै मुद्दा दायर गरिएपछि पुनः काम रोकिएको थियो । यो मुद्दा ०८०–डब्लू–००५० नम्बरमा दर्ता भएको थियो । सडक डिभिजन कार्यालयका अनुसार २०७३, २०७६, २०८० र २०८२ सालमा गरी हालसम्म चार पटक सडक सीमा खाली गराउने उद्देश्यले सूचना प्रकाशित गरिएको छ ।

मध्यस्थता
Madhyasthata Weekly साप्ताहिक
म.जि.प्र.का.द.नं. २०/०५५/०५६
जि.हु.का.द.नं. ०१/०८२/०८३
२०८२ मंसिर २१ गते आइतबार
(7th Dec., Sunday 2025)

# ‘एक जिल्ला एक स्वस्थ शहर’

मध्यस्थता

*बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको आयोजनामा प्रदेशस्तरीय 'एक जिल्ला एक स्वस्थ शहर' कार्यक्रमको औपचारिक रूपमा उद्घाटन गरिएको छ ।*

*हेटौँडामा आयोजित समारोहमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले कार्यक्रमको उद्घाटन गर्दै प्रदेश सरकार नागरिकको आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी, पहुँचयोग्य र*




*गुणस्तरीय बनाउने लक्ष्यका साथ अघि बढिरहेको बताए । उनले स्वस्थ समाज निर्माण बिना समृद्ध प्रदेशको कल्पना गर्न नसकिने उल्लेख गर्दै स्थानीय तहसँग सहकार्य गरेर स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधार ल्याउने प्रदेश सरकारको प्रतिबद्धता जनाए ।*

*स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा 'एक जिल्ला एक स्वस्थ शहर' कार्यक्रमसँगै 'एक स्थानीय तह एक नमूना स्वास्थ्य संस्था', प्रदेश स्वास्थ्य सहजकर्ता कार्यक्रम लगायतका स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमहरूको पैरवी, समन्वय र अन्तरक्रिया गरिएको थियो । यी कार्यक्रमहरू प्रदेशभर समान रूपमा स्वास्थ्य सेवाको विस्तार, रोकथाम मुखी स्वास्थ्य प्रणालीको विकास तथा नागरिकको जीवनशैली सुधार गर्ने उद्देश्यका साथ अघि बढाइएको मन्त्रालयले जनाएको छ । कार्यक्रममा प्रदेशका विभिन्न जिल्लामा रहेका स्वास्थ्य सेवाको अवस्था, चुनौती र सम्भावनाबारे समेत विस्तृत छलफल गरिएको थियो ।*

*समारोहमा बागमती प्रदेशकी स्वास्थ्य मन्त्री करूणा थापा मगरको विशेष उपस्थिति रहेको थियो । मन्त्री थापा मगरले प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको बताउँदै 'एक जिल्ला एक स्वस्थ शहर' कार्यक्रमले स्थानीय तहलाई स्वस्थ वातावरण, सरसफाइ, पोषण, मानसिक स्वास्थ्य र रोग रोकथाममा केन्द्रित हुन उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे । उनले स्थानीय सरकार, स्वास्थ्यकर्मी र समुदायबीच सहकार्य बिना कार्यक्रमको लक्ष्य हासिल गर्न नसकिने भएकाले सबै पक्ष सक्रिय हुनुपर्नेमा जोड दिए ।*

*समारोहमा स्वास्थ्य मन्त्रालयका सचिव, विभिन्न महाशाखा प्रमुख तथा सम्बन्धित अधिकारीहरूको समेत उपस्थिति थियो । बागमती प्रदेशअन्तर्गतका १३ वटा स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सरोकार वालाहरूको उल्लेख्य सहभागिता थियो । सहभागीहरूले आ–आफ्नो स्थानीय तहमा स्वास्थ्य सेवाको अवस्था, सफल अभ्यास र आगामी दिनमा गर्न सकिने सुधारका उपायबारे धारणा राखेका थिए ।*

*कार्यक्रममार्फत प्रदेश सरकार ले स्वास्थ्य क्षेत्रका कार्यक्रमहरू लाई एकीकृत रूपमा अघि बढाउँदै स्थानीय तहसँग समन्वय र सहकार्य बढाउने लक्ष्य लिएको छ । 'एक जिल्ला एक स्वस्थ शहर' कार्यक्रमलाई दीर्घकालीन अभियानका रूपमा अघि बढाइने र यसले प्रदेशका सबै जिल्लामा स्वस्थ जीवनशैली र स्वास्थ्यमैत्री वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।*

## सताको तस्बिर




***सडक विस्तारको विरोधः*** *हेटौँडामा सडक विस्तारको विरोधमा यहाँका घरधनी र व्यावसायीहरु आन्दोलित बने । सडक विस्तारका लागि अल्टिमेटसहित सूचना जारी गरिएको दिन नजिकएपनि उनीहरु यसको विरोधमा उत्रिएका हुन् । हेटौँडाको बुद्धचोकदेखि सडक डिभिजन कार्यालय हेटौँडा, जिल्ला प्रशासन कार्यालय मकवानपुर र हेटौंडा उपमहानगरपालिकामा प्रदर्शन गर्दै ज्ञापनपत्र बुझाउने काम समेत घरधनीहरुले गरे । आफ्नो घरका लालपूर्जा र अरुको लालपूर्जामा कुनैपनि फरक नभएको भन्दै उनीहरुले राज्यले आफूलाई अन्यायमा पार्न लागेको बताएका थिए । यद्यपी, उनीहरुको विरोधका बाबजुत सडक विस्तार कार्य भने थालनी भएको छ ।*

# छानिए महाधिवेशन प्रतिनिधि

मध्यस्थता



नेकपा एमालेको ११ औँ केन्द्रीय महाधिवेशनका लागि मकवानपुर जिल्लाका दुईवटै निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन भएका छन् । यही मंसिर २७ गतेदेखि २९ गतेसम्म काठमाडौँमा आयोजना हुने महाधिवेशनका लागि मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा निर्वाचन प्रक्रिया मार्फत र क्षेत्र नम्बर २ मा सर्व सम्मतिबाट प्रतिनिधि चयन गरिएको हो । पार्टीको विधान र केन्द्रले तोकेको मापदण्डअनुसार प्रतिनिधि छनोट प्रक्रिया अघि बढाइएको एमाले मकवानपुरले जनाएको छ ।

मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा प्रतिनिधि छनोटका लागि शनिबार मतदान भएको थियो । हेटौँडा उपमहानगरपालिका–५ हुप्राचौरस्थित पशुपति मन्दिरको सभाहलमा आयोजित निर्वाचनमा कूल २२ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो । मतदानपछि भएको मतगणनाबाट नविन सिग्देल, सुनिल मोक्तान, फुर्बा दोर्जे लामा, अणराज जर्गा मगर, आरती पाठक, सीता विष्ट, विना कुमारी थिङ र बोलबहादुर कार्की निर्वाचित भएका छन् । उनीहरूले प्रतिस्पर्धी उम्मेदवारहरूलाई पछि पार्दै क्षेत्र नं. १ बाट महाधिवेशन प्रतिनिधिका रूपमा आफ्नो स्थान सुरक्षित गरेका हुन् । निर्वाचन प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको र कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको पार्टीले जनाएको छ ।

मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ बाट भने निर्वाचन प्रक्रिया नगरी सर्वसम्मतिका आधारमा महाधिवेशन प्रतिनिधि चयन गरिएको छ । क्षेत्रीय तहमा भएको सहमति अनुसार बलराम बल, एकलाल श्रेष्ठ, हिदम लामा, बिदुर हुमागाई, सुमित्रा काफ्ले, भगवती पुडासैनी, गीता प्रजा र रोहण लामा महाधिवेशन प्रतिनिधिका रूपमा निर्विरोध चयन भएका हुन् । क्षेत्र नम्बर २ मा सहमतिबाट प्रतिनिधि छनोट भएपछि पार्टीभित्र एकता र समझदारीको सन्देश गएको एमाले नेताहरूले बताएका छन् ।

एमालेको ११ औँ केन्द्रीय महाधिवेशनलाई पार्टीको भावी नेतृत्व चयन, नीति तथा कार्यक्रम तय गर्ने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ । महाधिवेशनमा देशभरबाट चयन भएका प्रतिनिधिहरू सहभागी हुनेछन् । मकवानपुरबाट चयन भएका प्रतिनिधि हरूले जिल्लाको राजनीतिक अवस्था, संगठन विस्तार, विकास र समसामयिक मुद्दाहरूलाई महाधिवेशनमा प्रभावकारी रूपमा उठाउने अपेक्षा गरिएको छ । प्रतिनिधि चयन प्रक्रिया पूरा भएसँगै मकवानपुर एमाले महाधिवेशनको तयारीमा केन्द्रित भएको छ भने चयन भएका प्रतिनिधीहरूले पार्टीलाई थप बलियो र एकताबद्ध बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# बस्तीपुर –भुन्द्रुङ् जोड्ने उद्घाटन

मध्यस्थता



मकवानपुरको हेटौँडा उपमहा नगरपालिका–१९ बस्तीपुर र मनहरी गाउँपालिका–३ भुन्द्रुङलाई जोड्ने राप्तीखोलामा निर्माण गरिएको १७० मिटर लामो पुल शनिबार औपचारिक रूपमा उद्घाटन गरिएको छ ।

बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय मार्फत निर्माण सम्पन्न भएको पुलको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटा तथा १०३ वर्षीया स्थानीय ज्येष्ठ नागरिक सरस्वती अर्यालले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । लामो समयदेखि खोला तर्न जोखिमपूर्ण यात्रा गर्न बाध्य स्थानीयवासीका लागि पुल सञ्चालनमा आएसँगै आवतजावत सहज हुनुका साथै सामाजिक, आर्थिक र सेवामूलक गतिविधिमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ ।

पुल उद्घाटन गदै मुख्यमन्त्री बानियाँले संघीय व्यवस्थापछि जनताका आवश्यकता अनुसार विकास निर्माणका काम तीव्र गतिमा अघि बढ्न थालेको बताए । निर्वाचनको घोषणा भइसकेको वर्तमान सन्दर्भमा नागरिकले आफूले मन पराएका पार्टी र उम्मेदवारलाई स्वतन्त्र रूपमा मत दिन पाउने अधिकार लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि भएको उनले बताए । उनले लोकतान्त्रिक अभ्यासलाई अझ सुदृढ बनाउन सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्दै जनताको मत र विश्वासको सम्मान नै लोकतन्त्रको आधार भएको बताए ।

मुख्यमन्त्री बानियाँले समाजमा भ्रम फैलाउने तथा गलत काम गर्ने प्रवृत्तिलाई अब नेपालले धेरै समय सम्म सहन नसक्ने स्पष्ट पारे। राणा शासनकालदेखि सुरू भएको नेपालको राजनीतिक यात्राले विभिन्न उतारचढाव पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको उल्लेख गर्दै अबको आवश्यकता प्रणालीको सुधार र परिमार्जन मात्रै रहेको उनको भनाइ थियो । यही सन्दर्भमा उनले जनप्रतिनिधिको संख्या र स्थानीय तहको संरचनाबारे पुनरावलोकन तथा समायोजन गर्नुपर्ने प्रस्तावसमेत अघि सारे ।

समग्र विकासको लक्ष्य हासिल गर्न जनताको जीवनस्तर उकास्ने खालका रोजगारीमुखी कार्यक्रम आवश्यक रहेको मुख्यमन्त्री बानियाँले बताए । कृषिजन्य उत्पादनलाई सीप, तालिम र आधुनिक प्रविधिसँग जोडेर स्थानीय तहले नेतृत्व लिनुपर्नेमा उनले जोड दिए । उत्पादन बढेपछि त्यसलाई बजारसम्म पुऱ्याउन पूर्वाधारको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उनले पुल, सडकजस्ता संरचनाले अब स्थानीय उत्पादन लाई बजारसँग जोड्ने आधार तयार भएको बताए ।

गाउँघरमै बसोवास गर्ने युवा युवतीलाई सहलगानीको माध्यमबाट रोजगारीमा जोड्न प्रदेश सरकारले आगामी बजेटमार्फत विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता पनि मुख्यमन्त्री बानियाँले व्यक्त गरे । 'बाटो बनेपछि सुविधा पुगेको छ, उत्पादन बजार सम्म लैजान सजिलो भएको छ, अब उत्पादनलाई आधुनिक बनाउँदै आयवृद्धिमा जनतालाई जोड्नु हाम्रो जिम्मेवारी हो,' उनले भने । उनका अनुसार पूर्वाधार निर्माणसँगै उत्पादन, रोजगारी र आय वृद्धिलाई एकसाथ अघि बढाउन सके मात्रै विकासको प्रत्यक्ष अनुभूति जनताले गर्न सक्नेछन् ।

राप्तीखोलामा निर्माण गरिएको यो पुलका लागि सुरुमा ३२ करोड १२ लाख ३७ हजार २६९ रूपैयाँ लागत अनुमान गरिएको थियो । पछि मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी सहित २९ करोड ५९ लाख ३८ हजार ५ सय रूपैयाँमा निर्माण सम्झौता गरिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । पुल निर्माणको जिम्मा काठमाडौँस्थित हिराचन कन्स्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो । कम्पनीसँग २०८० साल वैशाख ११ गते सम्झौता भएकोमा २०८३ साल वैशाख १० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने समयसीमा तोकिएको थियो ।

निर्धारित समयसीमाभन्दा अगावै पुल निर्माण सम्पन्न हुनु आफैंमा सकारात्मक उपलब्धि भएको बताइएको छ ।

# राक्सिराङ र कैलाशमा गाँजा फँडानी

मध्यस्थता

मकवानपुर प्रहरीले राक्सिराङ र कैलाश गाउँपालिकाका विभिन्न स्थानमा अवैध रूपमा खेती गरिएको लागूऔषध गाँजा र अफिम फँडानी गर्दै नष्ट गरेको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर, बागमती प्रदेश प्रहरी गण हेटौँडा, विपद् व्यवस्थापन गुल्म हेटौँडा तथा मातहतका प्रहरी कार्यालयहरूको संयुक्त टोलीले यस अभियान सञ्चालन गरेको थियो । अभियानका क्रममा मकवानपुरको राक्सिराङ गाउँपालिका वडा नम्बर १, ६, ७ र ८ तथा कैलाश गाउँपालिका वडा नम्बर १, २, ३, ५, ६ र ९ का विभिन्न स्थानमा अवैध रूपमा खेती गरिएको लागूऔषध नियन्त्रणमा लिएर फँडानी गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरी टोलीले जम्मा २१ बिगाहा क्षेत्रफलमा लगाइएको गाँजा र ९ बिगाहा क्षेत्रफलमा लगाइएको अफिम गरी कुल ३० बिगाहा क्षेत्रफलको अवैध खेती नष्ट गरेको बताइएको छ । यस अभियानको मुख्य उद्देश्य लागूऔषध नियन्त्रण, अवैध खेती निरूत्साहित गर्नु र समुदायमा चेतना फैलाउनु रहेको प्रहरीले जनाएको छ । प्रहरीले यसअघि पनि नियमित रूपमा अवैध लागूऔषध खेती फँडानी गर्दै आएको तथ्य उल्लेख गरेको छ ।

अभियानका क्रममा प्रहरी टोलीले स्थानीयबासीसँग समन्वय गरी खेती भएका क्षेत्र चिन्हित गरी सुरक्षा व्यवस्था गर्दै नष्ट गर्ने कार्य अघि बढाएको थियो । प्रहरीका अनुसार यस किसिमका अभियानलाई निरन्तरता दिइनेछ र भविष्यमा पनि अवैध लागूऔषध खेती नियन्त्रणमा राख्न सक्रिय भूमिका निभाइनेछ । यस अभियानले न केवल अवैध उत्पादनलाई कम गर्ने उद्देश्य राखेको छ, तर समुदायमा लागूऔषधविरूद्ध सचेतना फैलाउन र युवाहरूलाई यसबाट बचाउने दिशामा पनि प्रभाव पार्ने विश्वास गरिएको छ ।

प्रहरीले थप रूपमा अवैध खेती फँडानीका क्रममा उत्पन्न जोखिम र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै अत्याधुनिक उपकरण, दक्ष जनशक्ति र स्थानीय सहयोगमार्फत अभियानलाई सफल बनाएको जनाएको छ ।

■ प्रकाशकः मध्यस्थता मिडिया प्रा.लि. ■ कार्यालयः हेटौंडा–५, मकवानपुर, फोनः ०५७–५२३८००, मो. ९८५५०१२००० ■ इमेलः madhyasthata@gmail.com ■ मुद्रणः श्रीया अफसेट प्रेस, हेटौंडा–५ ■ सम्पादकः शिवप्रसाद चौलागाई